मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।

- ❖आगो तथा हीटर नजिकबाट नतापौं।
- ❖कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
- ❖कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- ❖आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- ❖बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- ❖बालबालिका, वृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं।
- ❖घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- ❖आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



★ वर्ष : २७ ★ अङ्क : ३४४ ★ ने. सं. ११४६ पोहेला थ्व, त्रयोदशी ★ बिहीबार ★ १७ पुस, २०८२ ★ January 1, 2026, Thursday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


# "विदेशी पुँजीले नेपालीको पुँजीलाई खाने खतरा छ"

भक्तपुर, १६ पुस । भक्तपुर जिल्ला इँटा उद्योग सङ्घको तीसौँ वार्षिक साधारणसभा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा बुधबार सम्पन्न भयो ।

सभाको उद्घाटन समारोहमा अतिथि सुवालले मानव समाजको विकासको सिलसिला अध्ययन गर्दा परिवार र व्यक्तिगत सम्पत्तिको बन्दोबस्तसँगै समाजमा वर्ग देखिएको चर्चा गर्दै
ठूलो पुँजीले सानो पुँजीलाई खाने, विदेशी पुँजीले नेपालको पुँजीलाई खाने तथा देश उपनिवेश हुनेतर्फ व्यवसायीहरू सबै सचेत हुनु आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हालै प्रकाशित 'विश्व असमानता प्रतिवेदन' मा संसारका ७ अर्ब मानिसमध्ये ६० हजार मानिससँग साढे तीन अर्ब जनतासँगको स्रोत-साधनको तीन गुणा भएको उल्लेख छ । प्रतिवेदनमा विस्फोटको अवस्थामा रहेको अहिलेको असमानतालाई उल्ट्याउन साझा समृद्धि ल्याउने राजनीतिक प्रतिबद्धता जरूरी भएको उल्लेख छ ।"

स्रोत-साधन भएका बुझ्ने मानिसहरूले दैनिक गुजाराको कामबाहेक शिक्षा, स्वास्थ्य क्षेत्र जस्तै पुस्तकालय, विद्यालय स्थापनामा सहयोग गर्ने काम पनि गर्नु जरूरी भएको आवश्यकता औँल्याउँदै सचिव सुवालले भन्नुभयो, "सोभियत सङ्घले सामाजिकीकरणलाई जोड दिएको थियो । रूसको निर्वाचन पर्यवेक्षणमा परेका एक सरकारी अधिकारीले रूसभन्दा नेपाल विकासमा ५ सय वर्ष पछि परेको उल्लेख गरेको थियो ।"

उहाँले भन्नुभयो, "व्यवसायीहरूको सामाजिक उत्तरदायित्व पनि हुन्छ । समाजको चिन्ता लिनु सामाजिक उत्तरदायित्व लिनु हो ।"

समाजका केही व्यक्तिमात्र स्रोत-साधन सम्पन्न हुने र बाँकी जनता शिक्षा, स्वास्थ्य, रोजगारी, आवासको अभावमा बाँच्नु परेसम्म समाजमा शान्ति कायम नहुने भएकोले मानिसले जति बाँचे पनि समाज र देशको लागि काम गर्नु जरूरी भएको सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "साझा समृद्धि नहुँदा अहिले सरकारको सार्वजनिक ऋण २८ खर्ब पुग्यो । ५ महिनायता सरकारको सार्वजनिक ऋण थप १ खर्ब बढ्यो । सरकारहरूले ऋण तिर्न ऋण थप्दै छन् । कर्मचारीको तलब र पेन्सनसमेतको लागि विदेशीसँग ऋण ल्याएका सरकारहरूले वार्षिक व्यापारघाटा १५ खर्ब पुऱ्याए ।"

उहाँले थप्नुभयो, "सन् १९५० को भारतसँगको सन्धिले नेपाललाई भारतको नवउपनिवेशजस्तै बनायो । यो सन्धि खारेज गर्नु जरूरी छ ।"

सचिव सुवालले भन्नुभयो, "सरकारहरूले आफ्ना मातहतका उद्योग-व्यापार सार्वजनिक संस्थानहरू जानाजान घाटामा पठाउने र निजीकरणको नाममा विदेशीलाई समेत बेच्ने काम गर्दै छन् । विश्वव्यापार सङ्गठन (डब्लूटीओ) को सदस्य भएपछि नेपाल विदेशी सामानको बजार बन्यो र यहाँका उद्योगीहरूसमेत विदेशी सामानको व्यापारीमा परिणत हुँदै छन् । सरकारले युवा र ऊर्जा दुवै निर्यात गर्दै छ । ती दुवै नेपालको उद्योग र व्यापार चलाउन जरूरी छ । सरकारले ऊर्जा विकास मानचित्र २०८१ मा विसं २०३५ सम्म १५ हजार मेघावाट बिजुली निर्यात गर्ने दाबी गरे । बिजुली सस्तोमा नेपालीलाई दिने र ग्यास र तेल आयात घटाउने काम हुनुपर्दछ । "

अमेरिकी सरकारले इराक, लिबिया, सिरिया, प्यालेस्टिन, युक्रेनमा रहेको तेल र ग्यास कब्जा गर्न यहाँ हस्तक्षेप र आक्रमण गर्दै सरकारसमेत उल्टाउने काम गरेको विषयमा पनि सचेत हुनु जरूरी रहेको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "भदौ २३ र २४ गते भएको नेपालको घटनामा पनि अमेरिकी सरकारको प्रजातन्त्रको लागि राष्ट्रिय सशक्तीकरण र अन्तर्राष्ट्रिय ऐतिहासिक धरोहर तथा पूर्वाधारहरू तोडफोड एवम् आगजनी गर्नु परिवर्तन र आन्दोलन होइन । भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण हुने र ठुला भ्रष्टाचारीहरूलाई जेल सजायसहित कडा कारबाही हुने कानुन आवश्यक छ ।"


चुनावमा देश र जनतालाई सही बाटो देखाउने पार्टी र उम्मेदवारहरू निर्वाचित नभए समाजमा शान्ति सुरक्षा कायम नहुने स्पष्ट पार्दै पार्टी सचिव सुवालले भन्नुभयो, "राजनीति देश र जनताको निःस्वार्थ सेवा हो । नेमकिपा यही राजनीतिमा समर्पित छ । नेमकिपाको घोषणापत्रअनुसार निर्वाचित भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले २६ वर्षयता ख्वप कलेजहरू सञ्चालन गरी ७७ जिल्लाका जनताको सेवा गर्दै छन् ।"

भदौ २३ र २४ गतेको घटनापछि राष्ट्रिय मानव अधिकार आयोगले वक्तव्यमा सरकारमा गएकाहरूले देश र जनताको समस्या समयमा समाधान नगरेको र सम्भावित दुर्घटनाको पूर्वानुमान गर्न असफल भएको उल्लेख गरेको उहाँले जानकारी दिनुभयो ।

सचिव सुवालले भन्नुभयो, "फागुन २१ गतेको निर्वाचनपूर्व नै प्रधानमन्त्री र पार्टी सभापति भाग लगाउनेहरू एक भएर देश र जनतालाई धोका दिँदै छन्; यसबारे नेपाली जनता सचेत हुनु पर्दछ । यस्ता दल र उम्मेदवारलाई दिएको मतले

बाँकी पृष्ठ ८ मा

# चीनको आर्थिक वृद्धि करिब ५ प्रतिशत हुन्छ - राष्ट्रपति सी



बेइजिङ, १६ पुस (एएफपी) । चिनियाँ राष्ट्रपति सी चिनफिङले चीनको अर्थतन्त्र २०२५ मा 'लगभग पाँच प्रतिशत' वृद्धि हुने अपेक्षा गरिएको बताउनुभएको छ ।

नयाँ वर्षको पूर्वसन्ध्यामा सीले एक शीर्ष राजनीतिक परामर्शदातृ निकायलाई सम्बोधन गर्दै सो घोषणा गर्नुभएको हो । उहाँले भन्नुभयो, "सरकारले तय गरेको आधिकारिक लक्ष्यसँग मेल खान्छ र सन् २०२४ मा रेकर्ड गरिएको पाँच प्रतिशत वृद्धि बराबर हुनेछ ।"

विश्वको दोस्रो ठुलो अर्थतन्त्र पछिल्ला वर्षमा बढ्दो दबाबमा परेको छ । उपभोक्ता विश्वास महामारी-प्रेरित गिरावटबाट पूर्ण रूपमा फर्किन सकेको छैन । रियल स्टेट क्षेत्रमा निरन्तर ऋण सङ्कट, औद्योगिक अत्यधिक क्षमता र वासिङटनसँगको व्यापार द्वन्द्वले दृष्टिकोण चुनौतीपूर्ण बनाएको छ ।

राष्ट्रपति सीले भन्नुभयो, "हामीले चुनौतीहरूको सामना गऱ्यौँ र लगनशील भई प्रयास गऱ्यौँ । आर्थिक र सामाजिक विकासका मुख्य लक्ष्यहरू सफलतापूर्वक प्राप्त गरिएका छन् ।"
उहाँले वृद्धि दर करिब पाँच प्रतिशत पुग्ने अनुमान गरिएको र समग्र सामाजिक स्थिरता कायम रहेको जानकारी दिनुभयो ।

भ्रष्टाचारविरोधी अभियान 'अथक रूपमा पछ्याइएको' भन्दै उहाँले सरकारको प्रतिबद्धता पनि दोहोऱ्याउनुभयो । विज्ञहरूले पेइचिङले मार्चमा हुने प्रमुख वार्षिक राजनीतिक भेलामा सन् २०२६ का लागि यस्तै वृद्धि लक्ष्य घोषणा गर्ने अपेक्षा गरेका छन् ।

बुधबार जारी डाटाले नीति निर्माताहरूका लागि सकारात्मक सङ्केत दिएको छ ।

# स्तालिन र माओको जन्म दिवसको अवसरमा प्रशिक्षण




भक्तपुर, पुस १६ । नेपाल कर्मचारी समाज र नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिको संयुक्त आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरुहरू स्तालिनको १४७ औँ र माओको १३२ औँ जन्म दिवसको अवसरमा नगरपालिकाका कर्मचारीहरूबिच प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माओ र स्तालिन कामदारवर्गका इमानदार नेता हुन् भन्नुभयो ।

समाजवादी क्रान्तिको लागि अन्तर्राष्ट्रिय जगतमा माओ र स्तालिनले खेल्नुभएको योगदानको स्मरणमा भक्तपुर नगरपालिकाले कर्मचारीहरूबिच उहाँहरूको जन्म दिवसको अवसरमा प्रवचन कार्यक्रम आयोजना गर्दै आएको उहाँले स्पष्ट पार्नुभयो ।

माओको जगमा चीन विश्वको उदीयमान देशको रूपमा अगाडि बढ्न सफल भएको औँल्याउँदै उहाँले शत्रुको जालझेल र धम्कीबाट अविचलित भई माओले चीनको विकासको लागि गरेको त्यागले चीनमा आमूल परिवर्तन सम्भव भएको बताउनुभयो ।

'बन्दुकको गोलीले जित्न नसकेका क्रान्तिकारी र कम्युनिस्टलाई गुलियो पोतेको चास्नीले बिगार्न सक्छ' भन्दै उहाँले एनजीओ तथा आइएनजीओहरू साम्राज्यवादीहरूको सशक्त आर्थिक हतियार भएको हुँदा डलरको लोभ देखाएर नयाँ पुस्ताको मानसिकता बिगार्ने यस्ता संस्थाहरूबारे नयाँ पुस्तालाई सचेत पार्नु आवश्यक छ भन्नुभयो ।


एमसीसी सम्झौता नेपालको लागि देशघाती र दूरगामी असर पार्ने सम्झौता हो भन्दै उहाँले विदेशी सहयोगमा उनीहरूको स्वार्थ लुकिएको हुन्छ भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले कुनै पनि विषयको सतही र एकतर्फी अध्ययनले नयाँ पुस्तालाई गलत बाटोमा लान सक्ने बताउँदै उहाँले सैद्धान्तिक विषयवस्तु अध्ययनको लागि पुस्तक अध्ययनमा जोड दिनुपर्छ भन्नुभयो ।

उहाँले माओ र स्तालिनबारे सञ्चारमाध्यममा फैलाइएको भ्रम र झूटबारे सचेत हुनुपर्नेमा जोड दिँदै बताउँदै उहाँहरूको समाजवादी क्रान्तिमा खेलेको भूमिका र योगदानबाट प्रस्ट

बाँकी पृष्ठ ८ मा

## व्यङ्ग्यचित्र कुनो





भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

आयव्यय विवरणसम्बन्धी सूचना

भक्तपुर नगरपालिका कार्यालयको २०८२ मङ्सिर महिनासम्मको आयतर्फ रू. ७३६८५४१६६।९२ र व्ययतर्फ रू. ५७८६६६४२१।९७ रहेको छ ।

# कार्यकर्ताहरू मेहनती र सङ्घर्षशील हुनु आवश्यक



भक्तपुर, १६ पुस । नेपाल मजदुर किसान पार्टी - वंशगोपाल एकाइ समिति र नेपाल क्रान्तिकारी महिला सङ्घ - भनपा वडा नं ३ वडा एकाइ समितिको आयोजनामा मङ्गलबार विश्व सर्वहारावर्गका महान् गुरु जोसेफ स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा प्रवचन कार्यक्रम भयो । कार्यक्रम नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईको प्रमुख आतिथ्यमा भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि गोसाईले राजनीतिक कार्यकर्ता इमानदार भएको खण्डमा सरकारले भ्रष्टाचार गर्न नसक्ने बताउनुभयो । माओ र स्तालिनले गर्नुभएको त्याग, अथक सङ्घर्ष र मेहनतबाट प्रेरणा लिई कार्यकर्ताहरू मेहनती र सङ्घर्षशील हुनु आवश्यक छ भन्नुभयो । देश र समाजप्रति कुनै योगदान नभएका व्यक्तिहरू रहरमा पदको लागि राजनीतिमा आउनु दुःखद भएको उल्लेख गर्दै उहाँले त्यसप्रति कार्यकर्ताहरू सजग हुनुपर्नेमा जोड दिनुभयो । पर्दामा नेता बने अभिनेताहरूलाई राजनीतिमा नेता बन्नु रहर हुँदैमा नहुने र त्यसको लागि समाजप्रति योगदान आवश्यक रहेको उहाँले स्पष्ट पार्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका पुरुषोतम तमखु, नेपाल क्रान्तिकारी महिला सङ्घ, भक्तपुर नगर समितिका मञ्जुमाया लाखा, नेमकिपा ३ वडाका रामसुन्दर खाताख्व, नेमकिपा वंशगोपाल समितिका कृष्णगोपाल चौगुठी, नेक्रामसङ्घ ३ वडाका सुनिता प्रजापति (अवाल) र श्रद्धा सिन्ताकलले पनि बोल्नुभएको थियो ।

# विद्यालय र समुदाय एक आपसमा हातेमालो गरी अगाडि बढेमा मात्र शिक्षाको सार्थकता सिद्ध हुने

भक्तपुर, १६ पुस । भारती आधारभूत विद्यालयको वार्षिकोत्सव, अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम बुधबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले विद्यालय र समुदाय एक आपसमा हातेमालो गरी अगाडि बढेमा मात्र शिक्षाको सार्थकता सिद्ध हुने विचार व्यक्त गर्नुभयो । अभिभावक, विद्यार्थी र शिक्षक शैक्षिक यज्ञको तीन महत्त्वपूर्ण खम्बा भएकोले सबैको सहकार्यमा मात्र विद्यालयले आफ्नो लक्ष्य प्राप्त गर्ने सक्ने विचार उहाँले व्यक्त गर्नुभयो ।

उहाँले पछिल्लो समयमा देशव्यापीरूपमा बसाइँसराइको प्रवृत्ति रहेकोले विद्यालयले स्थानीय कला संस्कृतिको जगेर्ना गर्दै समग्रमा विविध भाषा, कला र संस्कृतिलाई अगाडि बढाउनुपर्नेतर्फ सचेत गराउनुभयो । असल शिक्षा नै समग्रमा समाजलाई अगाडि बढाउने हतियार हो, उहाँले भन्नुभयो ।




विद्यालय सहयोग समितिका संयोजक हिमालयश्वरलाल मूलले सामुदायिक विद्यालयको स्तरोन्नतिले मात्र कामदार जनताका छोराछोरीले असल शिक्षा प्राप्त गर्ने कुरा राख्नुभयो । निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयले पनि आफ्ना विद्यार्थीहरूको शैक्षिक स्तरोन्नति गर्नको लागि निरन्तर र अथक प्रयास गर्नुपर्ने विचार उहाँले राख्नुभयो ।

उहाँले विद्यालयको भौतिक तथा शैक्षिक विकासको लागि निरन्तर सहयोग गर्न तत्पर रहेको कुरा राख्दै विगतको तुलनामा विद्यालयको प्रगतिप्रति सन्तुष्टि व्यक्त गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य एवम् वडा सदस्य नारायणप्रसाद त्वानाबासु र शारदा माविका प्रधानाध्यापक रोशनराज तुईतुईले शुभकामना मन्तव्य राख्नुभयो ।

विद्यालयका प्रधानाध्यापक सुजाता पौडेलले प्रगति विवरण प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा कक्षागत रूपमा प्रथम, द्वितीय र तृतीय हुने तथा विविध विषयमा पुरस्कृत विद्यार्थीहरूलाई पुरस्कार प्रदान गरिएको थियो ।

कार्यक्रममा चन्दादाता जयन्त पौडेलले विद्यालयलाई प्रदान गर्नुभएको आर्थिक सहयोग रकमको ब्याज रकमबाट विद्यार्थीहरूलाई नगद पुरस्कार दिनुभएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष केशव तमखुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा विद्यार्थीहरूको तर्फबाट विविध सांस्कृतिक प्रस्तुतिहरू प्रस्तुत भएको थियो ।

# भक्तपुर जिल्ला बचत सङ्घको उपसमितिमा मनोनीत सदस्यको परिचयात्मक कार्यक्रम

भक्तपुर, १६ पुस । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. को सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिबिच परिचयात्मक कार्यक्रम रोयल थाई हस्पिटालिटी, राधेराधेमा सम्पन्न भयो ।

सङ्घका अध्यक्ष हरिकृष्ण बल्लले सहकारी अभियानका मुद्दाहरूमा सङ्घको धारणा राख्नुभयो । उहाँले सङ्घ संस्थालाई प्रतिकूल असर पर्ने ऐन कानुन तथा निर्देशनको संशोधनको लागि सङ्घले कानुनी बहस पैरवी गर्दै आएको बताउनुभयो । जारी सहकारी ऐन, कानुन तथा निर्देशन सबै सहकारीलाई न्यायोचित हुने गरी जारी हुनुपर्नेमा जङ्गली न्यायको अवधारणाबाट प्रेरित भएको उहाँले बताउनुभयो ।

कार्यक्रममा सङ्घका उपाध्यक्ष जगन्नाथ प्रजापतिले बहुनियमन र बहुनिर्देशनले सहकारीमा अन्योलको वातावरण सिर्जना भएको बताउनुभयो । उहाँले सहकारीमा ठगी गर्नेहरूलाई तत्काल कारबाही गरी पीडितलाई न्याय दिनुपर्ने बताउनुभयो ।

सङ्घका लेखा सुपरिवेक्षण समितिका संयोजक दामोदर न्यौपानेले गठित उपसमितिमा मनोनीत सदस्यहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै पदसँगै जिम्मेवारी पनि थपिँदै जाने भएकोले जिम्मेवारी बहनमा ध्यान दिनुपर्ने विचार राख्नुभयो । उहाँले सङ्घको हरेक क्रियाकलाप सदस्य संस्था केन्द्रित रहेकोले सदस्य संस्थाको वृद्धि विकासमा टेवा पुग्ने बताउनुभयो ।

सङ्घका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोंजुले सङ्घको परिकल्पना,ध्येय, उद्देश्य र चुनौतीहरूको प्रस्तुतीकरण गर्नुभयो । उहाँले चालु आ.व.मा सदस्य संस्थाको, संस्थागत, नीतिगत, जनशक्तिलगायतको वृद्धि विकासको लागि साधारणसभाको स्वीकृत बजेट तथा कार्यक्रमको बारेमा जानकारी गराउँदै उपसमितिको जिम्मामा रहेका तालिम तथा कार्यक्रम समयमै सम्पन्न हुनेमा विश्वास व्यक्त गर्नुभयो । उहाँले सङ्घले गर्दै आएको तालिम शिक्षा, कानुनी बहस पैरवी र अन्तरलगानीलगायतका कार्यहरूको जानकारी गराउनुभयो ।

उक्त कार्यक्रममा सङ्घको १२ वटा उपसमितिमा मनोनीत सदस्यहरूलाई मनोनयन पत्र तथा शपथग्रहण गरिएको थियो ।

# ख्वप कलेजमा बीएमआई परीक्षण शिविर सम्पन्न

भक्तपुर, १६ पुस । ख्वप कलेजको स्वास्थ्य, सुरक्षा, वातावरण व्यवस्थापन समितिको आयोजनामा कलेजका प्राध्यापक, विद्यार्थी, कर्मचारीहरूको बीएमआई परीक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमका संयोजक सुनिता गाइसीले स्वास्थ्य मानव जीवनको अमूल्य धन हो; स्वास्थ्यप्रति हामी सदैव सचेत र सजग हुनु जरुरी छ; रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु बुद्धिमानी हुन्छ भन्ने उद्देश्यका साथ कलेज प्राङ्गणमा बीएमआइ परीक्षण शिविरको आयोजना गरिएको बताउनुभयो ।

यस शिविरमा स्कूल हेल्थ नर्स प्रलिमा बज्राचार्यले बीएमआइ परीक्षण गर्नुभएको थियो भने स्वयम्सेवक विद्यार्थी भाइबहिनीहरूले आवश्यक सहयोग गरेका थिए । स्वयम्सेवकहरूमा बीए दोस्रो वर्षका सुमित्रा नायजु, बालिका कार्की, बीबीएम प्रथम सेमेस्टरका अपेक्षा कार्की, रिकेश खत्री, बीबीएसका यमुना मैनाली र अस्मिता तामाङ, बीएडका निशा खत्री, ईश्वरी बिकले पनि सहयोग गर्नुभएको थियो ।

यस शिविरमा बीबीएस चौथो वर्षमा अध्ययनरत सुस्मिता माकजुले सहभागीहरूको रक्तचाप (प्रेसर) परीक्षण गर्नुभएको थियो । शिविरमा ३०० भन्दा बढी सहभागीहरूले आफ्नो बीएमआई परीक्षण गर्नुभएको थियो । कार्यक्रममा समितिका सदस्यहरू राजेन्द्र श्रेष्ठ, रामेश्वरी बखुन्छे र कान्छी दुवालको सहकार्य रहेको थियो ।

मानिसको उचाइअनुसार उसको तौल सही छ कि छैन बढी वा घटी कति छ भनी परीक्षण गर्ने कार्यलाई नै बीएमआई परीक्षण भनिन्छ । बीएमआइको पूरा रूप बडि मास इन्डेक्स हो ।

# माओलाई युगौँ युगसम्म सम्झिरहने छन्

सुर्खेत, १६ पुस । विश्व सर्वहारावर्गका महान् गुरु माओ त्सेतुङको १३२ औँ जन्म दिनको अवसरमा प्रवचन कार्यक्रम वीरेन्द्रनगरमा मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले मार्क्सवाद-लेनिनवादलाई चिनियाँ माटो अनुकूल प्रयोग गर्दै माओले चिनियाँ क्रान्ति सफल पारेको चर्चा गर्दै विदेशी हस्तक्षेप र स्वदेशी प्रतिक्रियावादीलाई परास्त गर्न खेल्नुभएको भूमिकालाई संसारले अनुसरण गर्नु उपयुक्त हुने बताउनुभयो ।

चीन आज विश्व शक्ति बन्न सफल भएकोमा अध्यक्ष माओको योगदान महत्त्वपूर्ण छ, उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका उपाध्यक्ष लालबहादुर थापाले युवाहरूले हरेक आन्दोलनमा महत्त्वपूर्ण योगदान गर्नुपर्ने आवश्यकता औँल्याउँदै माओ त्सेतुङ चिनियाँ युवाको आदर्श व्यक्ति रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ जिल्ला समिति सुर्खेतका उपाध्यक्ष डम्मर थापाको अध्यक्षतामा भएको कार्यक्रममा प्रेम थापा, अम्मर भण्डारी, जगत लामिछाने, अङ्गबहादुर शाही, देवीराम सिजापतिलगायतले बोल्नुभएको थियो ।

# डार्क फाइलमार्फत न्यायाधीशमाथि विभिन्न आरोप लगाउने राजकुमार तिमिल्सिना पक्राउ

काठमाडौँ, १६ पुस । डार्क फाइलमार्फत् न्यायाधीशमाथि विभिन्न आरोप लगाउने राजकुमार तिमिल्सिनालाई प्रहरीले पक्राउ गरेको छ ।

बुधबार दिउँसो पोखराबाट काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनलाई पक्राउ गरेको स्रोतले बतायो ।

उनले पछिल्लो समय सर्वोच्च अदालतका न्यायाधीशहरूलाई लक्षित गरी विभिन्न आरोप लगाउँदै आएका थिए । यसअघि फेक अडिओ संवाद एक मिडियालाई दिएर अदालतको अवहेलना गरेको भन्दै उनीविरूद्ध मुद्दा चलेको थियो । ६ महिना कैद सजाय तोकिएका उनी भदौ २४ गते कारागारबाट फरार भएका थिए ।

# एन्फाको चुनावी साधारणसभा आगामी माघमा

काठमाडौँ, १६ पुस । अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को चुनावी साधारणसभा आगामी माघको अन्तिम साता झापामा हुने भएको छ ।

सातदोबोटोस्थित एन्फा मुख्यालयमा एन्फा अध्यक्ष पङ्कजविक्रम नेम्वाङको अध्यक्षतामा बुधबार बसेको कार्यसमिति बैठकले आगमी माघ २८ गते चुनावी साधारणसभा गर्ने निर्णय गरेको हो । एन्फाको कार्यसमितिको कार्यकाल आगामी असार ४ गते सकिँदै छ । यस चार वर्षे कार्यकाललाई छोट्याएर माघमै निर्वाचन गर्ने बैठकले पारित गरेको हो ।

## हार्दिक समवेदना



जन्म : २००६/१२/१८
निधन : २०८२/०९/०९

यस विद्यालयका शिक्षक सत्यराम कासिछ्वाका पूजनीय पिता **सीताराम कासिछ्वा**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सन्तति आधारभूत विद्यालय**
नपली, सृजनानगर, भक्तपुर-१

## सङ्क्षिप्त समाचार

## नेपाली महावाणिज्य दूत र सिजाङ अध्यागमनका महानिर्देशकको भेट

काठमाडौँ, १६ पुस । ल्हासास्थित नेपाली महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौला र सिजाङ स्वायत्त प्रदेशका अध्यागमन विभागका महानिर्देशक वाङसी होङबिच मङ्गलबार महावाणिज्य दूतावासमा भेटवार्ता भएको छ ।

त्यस अवसरमा उहाँहरूले गत असारमा ल्हेन्दे खोलामा गएको बाढीका कारण क्षतिग्रस्त भोटेकोसीको मितेरी पुल निर्माण सकेर भोलिदेखि रसुवा नाका सञ्चालन हुन लागेमा खुसी प्रकट गर्दै यसबाट नेपाल-चीन सम्बन्ध अझ सुमधुर बन्ने विश्वास व्यक्त गर्नुभएको महावाणिज्य दूतावासले बुधबार एक विज्ञप्ति निकालेर जनाएको छ ।

साथै उहाँहरूबिच दुई देशबिचका सबै सीमानाकालाई व्यवस्थित गर्ने, नाकामा हुने आयातनिर्यात र मानव आवतजावतमा सहजीकरण गर्ने, सुरक्षा व्यवस्था बलियो बनाउने भएको छ । *रासस*

## अवरुद्ध महेन्द्र राजमार्ग २४ घण्टापछि सञ्चालन

चन्द्रपुर (रौतहट), १६ पुस । मङ्गलबार बिहानदेखि अवरुद्ध पूर्वपश्चिम महेन्द्र राजमार्ग केहीबेरअघिदेखि सञ्चालन भएको छ । राजमार्गअन्तर्गत रौतहटको चन्द्रपुर नगरपालिका-४ लमाह पुलनजिक ग्यास बुलेट पल्टिँदा राजमार्ग अवरुद्ध भएको थियो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजेन्द्र थापामगरका अनुसार बुलेटभित्रको २१ टन ग्यास रातभरि बाहिर फ्याँकेर टङ्याकर हटाइएको हो । बाटोबाट बुलेट हटाउन छवटा क्रेन प्रयोग गरिएको थियो । यसअघि साना सवारीसाधन चन्द्रनिगाहपुर-गौर वैकल्पिक बाटो प्रयोग गरेका थिए । *रासस*




**सिन्धुलीगढी युद्ध सङ्ग्रहालय**
सिन्धुलीको कमलामाई नगरपालिकामा अवस्थित सिन्धुलीगढी युद्ध सङ्ग्रहालय । *तस्बिर प्रदीपराज वन्त/रासस*

## चिसोमा चटाइ र घूरको भर

महोत्तरी, १६ पुस । बाक्लो हुस्सुले डम्म ढाकेर निरन्तर पश्चिमी सिरेटो बहँदा बढेको जाडोले अहिले महोत्तरीसहित मधेसको जनजीवन कष्टकर भएको छ । गरिब बस्तीमा घूर तापेर चिसो धपाउने प्रयास जारी छ ।

पुस ३ गतेदेखि शीतलहर सुरु भएको महोत्तरीलगायत मधेसका अधिकांश ठाउँमा बढेको शीतलहरले जाडो बढ्दै गएपछि बस्तीमा जताततै 'घूर' मा चारैतिर बसेर तातिएको महसुस लिनु गरिबहरूको नियति नै बनेको छ । "के गरौँ हजुर, अहिलेसम्म कसैले के खायौ ? के लायौ ? सोध्न आएनन्, कमसेकम दाउरासम्म पाए पनि रापिलो आगो त ताप्न पाइन्थ्यो", लोहारपट्टी-४ लेउरीटोल मुसहरी बस्तीकी ५० वर्षीया श्रीवती सदा भन्नुहुन्छ, "यही घूर तापेर जाडो काट्नु छ ।"

जिल्लामा खासगरी मुसहर, बाँतर, डोम, मेस्तर, हलखोर, दुसाध र चमारसहितका जाति समुदाय गरिबी, अशिक्षा र कुपोषणको सिकार बनेका छन् । प्रत्येक वर्ष जाडो लागेपछि यी बस्तीको बिचल्ली सुरु हुन्छ । न अन्न राख्ने कोठी न ओढ्ने, ओछ्याउने र जिउ ढाक्ने न्यानो लुगा । गुजुमुज्ज पराले छानाका यी बस्तीमा जाडो छल्ने यही पचपची धुवाँ निस्कने 'घूर' र ओढ्न/ओछ्याउन चटाइ (परालको लुइँठो बटारेर बनाइएको मोटो गुन्द्री, स्थानीय भाषामा यसलाई गोनर पनि भनिन्छ) को भर । "भुइँमा पराल ओछ्याययो, माथि चटाइ ओढ्यो", एकडारा-३ भटौलियाको मुसहर बस्तीका छठु सदा भन्नुहुन्छ, "राति जाडोले निद्रा नलाग्दा फेरि उही 'घूर' को सहारा ।"

रात काटन 'घूर' र 'चटाइ' को सहारा लिएका यी गरिब उज्यालो हुँदा पारिलो घामको आस गर्छन् । तर, पछिल्ला करिब दुई सातायता राम्ररी घाम नदेखिँदा गरिब बस्तीको बिजोग झनै बढेको छ ।

"हजुर, हाम्रो ठण्डी (चिसो, जाडो) छल्ने यै (यही) सहारा हो", लोहारपट्टी-४ खुट्टा उत्तरबारीटोलका मनु सदा भन्नुहुन्छ, "भगवान्‌को यस्तै खटन छ ।" यो लामो शीतलहरले सुत्न, बस्नमात्र नभएर गरिब बस्तीमा खानपिनको अभाव पनि बढ्दै गएको भङ्गाहा-५ कर्पुरगञ्जको बाँतरटोलका ६० वर्षीय रामजुलुम बाँतर बताउनुहुन्छ । "बनबुतो गरेर जीवन धान्नु पर्नेलाई यो शीतलहरले काममा निस्कन दिएको छैन, घरमा भएको अन्नपात सकिँदै गएपछि अब भोकभोकै पर्ने दिन आउँदैछन्," उहाँ भन्नुहुन्छ ।

महोत्तरीका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ वटै स्थानीय तहमा मुसहर जातिको बसोबास छ । सामाजिक, राजनीतिक, आर्थिक र शैक्षिक सूचाङ्कका दृष्टिले पिछडिएका मुसहरजस्तै बाँतर पनि हुन् । दुवै जातिको रीतिथिति र बसउठ समान नै देखिन्छ । तर, जिल्लामा बाँतर भने भङ्गाहा नगरपालिका क्षेत्रमा मात्र छन् । *रासस*

## तीन दिनदेखि अवरुद्ध दाउन्ने खण्ड अझै सहज हुन सकेन

मध्यबिन्दु (नवलपरासी), १६ पुस । गत सोमबारदेखि अवरुद्ध रहेको नारायणगढ-बुटवल सडकखण्डअन्तर्गत दाउन्ने क्षेत्र अझै सहज हुन सकेको छैन । शीतलहरले दाउन्ने सडक चिप्लो हुँदा सवारीसाधन सञ्चालन हुन नसकेर अवरुद्ध भएको सडक अझ सहज हुन नसकेको हो ।

दाउन्नेस्थित खुर्सानी खोला आसपासको सडकमा सवारीसाधन चिप्लिने र उकालो चढ्न नसक्ने समस्या देखिएपछि सोमबार बिहानदेखि यो खण्ड अस्तव्यस्त बनेको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व) का प्रहरी उपरीक्षक युवराज खड्काले बताउनुभयो ।

उहाँले भन्नुभयो, "अहिलेको समस्या दाउन्नेको पश्चिम खण्डमा शीतलहरका कारण सडक चिप्लो र हिलो हुँदा सवारीसाधन उकालो चढ्न तथा ओरालो झर्न नसकेर सडक अवरुद्ध भएको हो । विस्तारै सवारी पास गराउने काम भइरहेको छ, तर तीन दिनदेखि रोकिएका सवारीसाधन व्यवस्थापन गर्न कठिन भइरहेको छ ।"

दाउन्नेमा बाक्लो हुस्सु र चिप्लो सडकका कारण सवारीसाधन सञ्चालनमा अत्यधिक कठिनाइ भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व) का सूचना अधिकारी प्रहरी वरिष्ठ नायब निरीक्षक विनोद जोशीले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले पनि दुम्कीबास बजारदेखि नै सवारीसाधनको जाम कायम रहेको छ । सडक निर्माणका कारण एकतर्फी रहेको राजमार्गमा लामो समय सवारी जाम हुँदा सञ्चालन गराउन निकै समस्या भएको छ ।"

नारायणगढ-बुटवल सडक योजना पश्चिम खण्डका सूचना अधिकारी इन्जिनियर विकास खनालले निर्माणाधीन क्षेत्रमा शीतलहरको प्रभाव कायम रहेकाले पश्चिम खण्डमा अझ धेरै सवारी चाप रहेको बताउनुभयो ।

तीन दिनदेखि जारी सवारी जामका कारण सयौँ यात्रु अलपत्र परेका छन् । नारायणगढ-बुटवल सडक योजना (पश्चिम खण्ड) ले सूचना जारी गर्दै अत्यावश्यकबाहेकका सवारीसाधनलाई वैकल्पिक सडक प्रयोग गर्न अनुरोध गरेको छ । दाउन्ने खण्डमा एकातिर सडक निर्माण र मर्मतको काम, अर्कोतिर शीतलहरले सडक हिलाम्य बनेपछि सवारीसाधन सञ्चालनमा गम्भीर समस्या देखिएको आयोजनाले जनाएको छ । *रासस*

## मूल्य बढे पनि उत्पादकत्वमा कमी

म्याग्दी, १६ पुस । यहाँको प्रमुख नगदे फलफूल बालीका रूपमा रहेको सुन्तलाको यस वर्ष उत्पादन घटेको छ । सुन्तलाखेती हुने जमिनको क्षेत्रफल र मूल्य बढे पनि उत्पादकत्वमा कमी आएको हो ।

जिल्लास्थित कृषि विकास कार्यालयका अनुसार गत वर्षको तुलनामा पाँच दशमलव ५६ प्रतिशतले उत्पादन घटेको छ । यस वर्ष विभिन्न रोग र किराको सङ्क्रमण नभए पनि बोटमा दाना पातलो लागेकाले उत्पादन घटेको कार्यालयका प्रमुख सञ्जीव बास्तोलाले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यस वर्ष मौसमले साथ दिएको हो । रोगकिरा नदेखिएको र विपद्ले क्षति नगरे पनि यसपालि दाना कम लागेको छ ।"

गत वर्ष ४२५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११ दशमलव २५ मेट्रिक टनका दरले चार हजार ७८१ मेट्रिक टन सुन्तला उत्पादन भएको जनाउँदै बास्तोलाले यस वर्ष ४३० हेक्टर क्षेत्रफलमा १० दशमलव पाँच मेट्रिक टनका दरले चार हजार ५१५ मेट्रिक टन सुन्तला उत्पादन भएको अनुमान गरिएको उल्लेख गर्नुभयो ।

यस वर्ष सरदर रु. ६५ देखि रु. ७० का दरले सुन्तला बिक्री भइरहेको छ । जिल्लाको ८३० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती भएको कृषि विकास कार्यालयको तथ्याङ्कमा उल्लेख छ । राखु, मरेक, सुर्केमेला, बरङ्जा, भैँडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा दुई सयभन्दा बढी सुन्तला बगैँचा रहेका प्रमुख बास्तोलाले जानकारी दिनुभयो । *रासस*

## ठगी गर्दै हिंडेका नक्कली प्रहरी पक्राउ

काठमाडौँ, १६ पुस । नक्कली प्रहरी बनी रकम असुल्दै हिँड्ने दुई युवा प्रहरी फन्दामा परेका छन् । नेपाल प्रहरीको लागू औषध ब्यूरोबाट खटिएको प्रहरी हौँ भनी औषधि पसलको खानतलासी गरी रकम असुली गर्ने सिन्धुपाल्चोकका ३७ वर्षीय नानीबाबु लामा र दोलखाका ३४ वर्षीय प्रकाश तामाङलाई प्रहरीले पक्राउ गरेको हो । प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई गोकर्णेश्वर नगरपालिका-६ स्थित औषधि पसलबाट पक्राउ गरेको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ । उनीहरूलाई बुधबार काठमाडौँ जिल्ला अदालतबाट ६ दिनको म्याद थप अनुमति लिई अनुसन्धान भइरहेको काठमाडौँ प्रहरीका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो ।

यसैबिच, प्रहरीले बाफलबाट करिब रु. चौध लाख सन्तानब्बे हजार पाँच सय भन्सार छलीका सामान बरामद गरेको छ । धनगढीबाट काठमाडौँ आउँदै गरेको ना ८ ख ८४९५ नम्बरको बसमा भन्सार छलि गरी ल्याइएका मोबाइलका विभिन्न सामग्री बरामद गरेको हो । प्रहरीले सो बसका चालक कञ्चनपुरको बेलौरी नगरपालिका-६ का २५ वर्षीय महेश चौधरीलाई नियन्त्रणमा लिएको छ । प्रहरी वृत्त स्वयम्भूबाट थप अनुसन्धान पश्चात् पक्राउ परेको व्यक्ति र सामन त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर बुझाइएको काठमाडौँ प्रहरीले जनाएको छ ।

## अत्यधिक चिसोमा पनि मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको चहलपहल

मुस्ताङ, १६ पुस । अत्यधिक चिसो हुँदा पनि मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको भीड लागेको छ । समुन्द्री सतहबाट तीन हजार ८०० मिटर उचाइमा रहेको हिन्दू तथा बौद्धधर्मावलम्बीहरूको प्रसिद्ध धार्मिक तीर्थस्थल मुक्तिनाथमा चिसोमा पनि दर्शनार्थीको सङ्ख्या नघटेको मुक्तिनाथ विकास समितिका कार्यालय व्यवस्थापक दिनेश भुसालले जानकारी दिनुभयो । अघिल्लो वर्षमा चिसो बढ्न थालेसँगै दर्शनार्थी घट्ने गरे पनि यस वर्ष भने यहाँ आउनेहरू नघटेको उहाँको भनाइ छ ।

अत्यधिक चिसोका कारण स्थानीयको जनजीवनमा प्रतिकूल बनेको छ । अहिले मन्दिर रहेको स्थानमा बिहान र बेलुकी तापक्रम माइनस १५ डिग्रीसम्म पुग्ने गरेको छ । भुसालका अनुसार हाल मन्दिरमा दैनिक औसत एक हजार ५०० दर्शनार्थी आइरहेका छन् ।

मुक्तिनाथ मन्दिर परिसरमा रहेका १०८ धारामा जलसेचन र कुण्डमा स्नान दर्शन गरी मन्दिर दर्शन गर्दा मनोकामना पूरा हुने विश्वास छ । चिसोका कारण स्वास्थ्यमा समस्या आउनेहरूलाई मुक्तिनाथ विकास समितिले हेरचार गर्दै आएको छ । समितिले मन्दिर परिसरमा स्वास्थ्यकर्मी राखेको छ ।

चिसोमा पनि पर्यटन आउने क्रम जारी रहेपछि होटल व्यवसाय पनि फस्टाएको छ । यहाँ स्वदेश र विदेशबाट पनि पर्यटकहरू आउने गरेका छन् । विशेषगरी भारतीय पर्यटकहरूको उल्लेख्य उपस्थिति हुने गरेको छ ।

हुम्लाबाट मुक्तिनाथ आउनुभएका सुन्दर राउतले मुक्तिनाथको दर्शन गर्न पाउँदा निकै खुसी लागेको बताउनुभयो । मुक्तिनाथ मन्दिरको महिमा र यसको चर्चा सुनेपछि आफू यहाँ आएको बताउनुभयो ।

पछिल्लो समय नेपाल-चीन जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडकको यात्रा सहज भएपछि मुस्ताङमा पर्यटक बढ्न थालेका छन् । जिल्ला प्रहरी कार्यालय मुस्ताङले चालु आर्थिक वर्षको साउनदेखि मङ्सिरसम्म दुई लाख तीन हजार २९२ जना आन्तरिक र ४८ हजार १०९ विदेशी पर्यटक मुस्ताङ भित्रिएको जनाएको छ । *रासस*

## भूमि आयोग कास्कीका अध्यक्षसहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता

काठमाडौँ, १६ पुस । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भूमि आयोग कास्कीका अध्यक्षसहित ५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता गरेको छ ।

भूमि आयोग कास्कीका अध्यक्ष गङ्गाप्रसाद पोखरेलसहित ५ जनाविरुद्ध अख्तियारले बुधबार विशेष अदालतमा मुद्दा दर्ता गरेको हो ।

पोखरा महानगरपालिका-२६ लेखनाथमा रहेको सामुदायिक अमरज्योति आधारभूत विद्यालयको ३ रोपनी ३ आना जग्गा भूमि आयोगले नक्कली सुकुम्बासीको नाममा दर्ता गरेको अख्तियारको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

उनका अनुसार अध्यक्ष गङ्गाप्रसादसहित तत्कालीन सदस्य तथा मालपोत कार्यालय कास्कीका तत्कालीन प्रमुख रामचन्द्र अधिकारी, राष्ट्रिय भूमि आयोग, जिल्ला समिति कास्कीका तत्कालीन सदस्य आशबहादुर गुरुङ, सदस्यहरू उमाकुमारी थापा, सोमबहादुर नेपाली र प्रतिवादी भीमबहादुर बिकविरुद्ध मुद्दा दर्ता गरिएको हो ।

उनीहरूविरुद्ध अख्तियारले १ करोड ४० लाख २५ हजार रूपैयाँ बिगो मागदाबी गरिएको छ ।

। सम्पादकीय ।

# जनता कसैको लहैलहै र प्रलोभनमा फस्न नहुने

देशका शासकहरू किन विदेशी पैसामा भुल्छन्, लोभिन्छन् ? विदेशबाट प्राप्त सहयोग या पैसाले कुनै पनि देश बनेको छैन; आत्मनिर्भर भएको छैन । नेपाल त झनै बन्दैन; बनेको छैन । विदेश गएर, पैसा कुम्ल्याएर व्यक्ति धनी बन्ला, उसले दुई चार वटा भवन ठड्याउला, चिल्ला गाडी गुडाउला तर समाज बदल्दैन; देश बन्दैन । यो कुरा हालसम्मको कार्यले पुस्टि गरिसकेको विषय हो । तर, पनि देशका शासकहरू अहिले पनि विदेशीको भरमा चल्छन्; विदेशीकै भरमा देश चलाउने र विकास गर्ने ध्वाङ फुक्छन् । जुन दलको सरकार आए पनि सत्तासीन दलका नेताहरूले सिद्धान्तनिष्ठ राजनीति गरेनन्; विचारको राजनीति गरेनन्, देश र जनताप्रति समर्पित भएर राजनीति गरेनन् । यो नै नेपाल र नेपालीको निम्ति दुर्भाग्यको विषय बनेको छ । यो देशको निम्ति सुखद लक्षण होइन । यस विषयमा शासकहरू चुकेका छन्; फसेका छन् । शासकहरू यस्ता गम्भीर त्रुटिहरू किन बारम्बार दोहोऱ्याउँदै छन् ।

नेपाल सरकारले विदेशी दलाल, दलाल पुँजीपति र दलाल व्यवसायीहरूलाई छुट दिनु हुँदैन । देशको विकासमा सकेसम्म देशकै पुँजीपतिहरूलाई उपयोग गर्नुपर्छ, गर्न साथ दिनुपर्छ । स्वदेशी पुँजीपतिलाई छोडेर विदेशी पुँजीपतिवर्गको स्वार्थमा सरकार भुलेपछि देशको आम्दानी कसरी बढ्छ ? देश कसरी आत्मनिर्भर हुन्छ ? न्यायपूर्ण समाज निर्माण गर्न र आत्मनिर्भर बनाउन उत्पादनमा जोड दिनुपर्छ; उत्पादन बढाउनेतर्फ सरकारको ध्यान जानुपर्छ । दलाल पुँजीवादलाई निरुत्साहित गर्दै या कमजोर बनाउँदै समाजवादी अवधारण अघि बढाउनुपर्छ; समाजवादी बन्दोबस्तको निम्ति पूर्वाधारहरू तयार गर्नुपर्छ; तद्नुसार ऐन, कानुन र नीति नियम तर्जुमा गर्दै जानुपर्छ । पच्छिमेली देशको पछि लागेर, उनीहरूको इसारामा नाचेर या कठपुतली भएर देश विकास कसरी हुन्छ ? देशलाई उपनिवेश बनाउने काममा शासकहरू किन गृहकार्य गर्छन् ? नेपाल र नेपालीको विकास गर्ने चिन्तन र सोचभन्दा विदेशीसँग गुहार्ने, विदेशीको गुणगान गरेर खुसी बनाउने कामले शासकहरू पनि के विदेशी दलाल साबित भएनन् र ?

यो बेला आफूलाई कम्युनिस्ट भनिने देशका सबै दलहरू सच्चा कम्युनिस्ट भएर, कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार बोकेर, जनतामाझ पुगेर जनतालाई सिद्धान्त र विचारबाट सुसूचित गर्नुपर्छ । हल्लाको राजनीति गरेर, भ्रम फैलाएर, चुनाव हुनुभन्दा अघि नै प्रधानमन्त्री बन्ने सपना बाँडेर आश्वासनको राजनीति गर्नु सही होइन । कुनै दलले केही सांसद सीट जितेर प्रम हुन पाउने होइन । सरकारको नेतृत्व गर्न या प्रम बन्न त्यो दलले बहुमत ल्याउनुपर्छ । निर्वाचन नहुँदै अहिले नै प्रम हुने आश्वासनको पोको बाँडेर, जनताको मत तान्ने कामलाई सही राजनीति मानिँदैन । क्षेत्रीय, जातीय राजनीति गरेर, पैसाको खोलो बगाएर, आकर्षक नारा फलाकेर सर्वसाधारण जनताको मत लिने हिजोको गल्ती आज फेरि गर्नेतर्फ व्यापक जनता चनाखो हुनु जरुरी छ । देशका बहुमत जनता राजनीतिक, वैचारिक र सैद्धान्तिक रूपमा सुसूचित नभएकै कारण जनताको मत कहिले कुन दल, कहिले कुन दललाई परेको हो । यसकारण, अबको निर्वाचनमा जनता सचेत हुनुपर्छ; कसैको लहै लहै र प्रलोभनमा फस्नु हुँदैन । जनताको नबुझेको कारणले पनि देशले दुर्गति भोग्नु परेको हो ।

नेपाली जनतालाई भ्रष्टाचार गरेर भ्रष्टाचारको विरोध गर्ने दल र दलका नेताहरू चाहिएको होइन । सहकारीको पैसा ठगेर सहकारी पीडितको आवाज उठाउने दल र दलका नेता चाहिएको होइन । एमसीसी सम्झौतामा सही गर्ने, सही गर्न टेवा पुऱ्याउने सोको विरोधमा नबोल्ने दलका नेताहरूले विदेशी घुसपैठको विरोध गर्ने दल पनि नेपाली जनतालाई चाहिएको छैन । नेपाली भूमि अतिक्रमण गर्ने, अन्तर्राष्ट्रिय मूल्य र मान्यताविपरीत नेपाल-भारत सीमामा तटबन्ध तथा बाँध बनाएर नेपाली भूमि डुबानमा पार्ने, नेपाली भूमि कालापानी रहेका भारतीय सेना फिर्ता लान दबाब नदिने दल र दलका नेताहरूले के नेपाल र नेपालीको हित गर्लान् ? ऋण तिर्न ऋण लिने, देशलाई ऋणमा डुबाउने र विदेशीको भरमा बस्ने दल र दलका नेताहरूले समृद्ध र नेपालीलाई कसरी सुखी बनाउलान् ? देशका उद्योगधन्दा, कलकारखाना डुबाएर, घाटामा पारेर व्यक्ति र विदेशी उद्योगपतिहरूलाई कौडीको मूल्यमा बेचेर देशलाई पराधीन बनाउने दल र दलका नेताहरूलाई आम जनताले चिन्नै पर्छ । नेपाल र नेपालीको भन्दा विदेश र विदेशीको स्वार्थ हेर्ने, स्वार्थ पूरा गर्न लाग्ने र विदेशीको इसारामा चल्ने कुनै पनि कठपुतली सरकारले देश र जनताको सेवा गर्ला भन्ने विश्वास कसरी गर्ने ? अतः सरकार जहिल्यै देश र जनताप्रति समर्पित र जवाफदेही हुनुपर्छ ।

# शासक दलहरूको चुनावी मोर्चा र गठबन्धन खौवा साबित !

✍ प्रज्ज्वल

गत भदौ २३ र २४ गतेको दमन, तोडफोड, हत्या र आगजनीलगत्तै नेपाली काङ्ग्रेसको समर्थनमा प्रधानमन्त्री भएका एमालेका केपी शर्मा ओलीले भदौ २४ गते अपराह्न प्रधानमन्त्री पदबाट राजनीमा दिए । ओली नेपाली सेनाको हेलिकप्टरबाट मकवानपुरको सुपारीटारस्थित सैन्य व्यारेकमा 'सुरक्षित' हुन पुगे । राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २४ गतेकै दिन ओलीलाई अर्को व्यवस्था नभएसम्मको लागि कामचलाउ प्रधानमन्त्रीको जिम्मेवारी दिए ।

भदौ २६ गते सुपारिटार सैनिक व्यारेकमा राष्ट्रपति पौडेल र प्रधानसेनापति अशोकराज सिग्देलसँगको भेटमा कामचलाउ प्रधानमन्त्री ओलीले अर्को प्रधानमन्त्री नियुक्ति गर्न सम्मति र सिफारिस गरे । नेपालको संविधानअनुसार राजीनामा दिएका प्रम ओलीले अर्को प्रधानमन्त्री नियुक्ति गर्न राष्ट्रपतिलाई सम्मति र सिफारिस दिनु स्वयम् असंवैधानिक हो ।

**प्रधानमन्त्री नियुक्तिबारे संवैधानिक व्यवस्था**

संविधानको धारा ७६ (१) मा राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त दलका नेतालाई प्रधानमन्त्री नियुक्ति गर्ने, धारा ७६ (२) मा प्रतिनिधिसभामा दुई वा दुईभन्दा बढी दलको समर्थन प्राप्त प्रतिनिधिसभाका सदस्यलाई प्रधानमन्त्री नियुक्ति गर्ने, धारा ७६ (५) मा दुई वा दुईभन्दा बढी दलको समर्थनसहित बहुमत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्ने सदस्यलाई प्रधानमन्त्री नियुक्ति गर्ने व्यवस्था छ ।

प्रधानमन्त्रीको राजीनामा वा कुनै कारणले प्रधानमन्त्रीको पद रिक्त हुँदा राष्ट्रपतिले यही संवैधानिक व्यवस्थाबमोजिम अर्को प्रधानमन्त्री नियुक्तिको प्रक्रिया अघि बढाउने हो । भदौ २६ गते कामचलाउ प्रधानमन्त्री ओलीले अर्को प्रधानमन्त्री नियुक्ति गर्न राष्ट्रपतिलाई सम्मति र सिफारिस दिएको संविधानविपरीत हो ।

राष्ट्रपतिले कमचलाउ प्रधानमन्त्री ओलीको सम्मति र सिफारिसमा भदौ २७ गते सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्ति गरे र प्रधानमन्त्री कार्कीको सिफारिसमा सोही दिन राष्ट्रपतिले प्रतिनिधिसभाको विघटन गरे । यो कदम पनि संवैधानिक होइन ।

संविधानको धारा १३२ (१) र (२) मा प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश भइसकेको व्यक्ति न्यायिक जाँचबुझको काममा वा केही खास अवधिका लागि कानुन वा न्यायसम्बन्धी अनुसन्धान वा अन्वेषणको काममा बाहेक कुनै पनि सरकारी पदमा नियुक्तिका लागि ग्राह्य नहुने स्पष्ट व्यवस्था छ । यो संवैधानिक व्यवस्थाविपरीत कार्कीलाई प्रधानमन्त्रीमा नियुक्ति दिने राष्ट्रपतिको कदम इतिहासले असंवैधानिक ठान्ने छ ।

एमालेका अध्यक्षसमेत रहेका ओली दस दिनपछि सुपारीटार सैनिक ब्यारेकबाट बाहिर आए । ओलीले स्पष्टीकरण दिए – "कार्कीलाई प्रधानमन्त्री नियुक्ति गरिएपछि मात्र आफूले मोवाइल सम्पर्क गर्न पाएको हो । राष्ट्रपतिलाई अर्को प्रधानमन्त्री नियुक्ति गर्न दिएको सम्मति र सिफारिसमा कार्कीको नाम उल्लेख गरेको थिइनँ ।"

ओलीले थपे, "कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्ति गरिएको संविधानसम्मत छैन । संसद् पुनःस्थापना हुनुपर्दछ ।"

एमालेको मङ्सिर २७ गतेदेखि र पुस १ गतेसम्म भएको एघारौँ महाधिवेशनबाट पुनः अध्यक्षमा निर्वाचित ओलीले संसद् पुनःस्थापनाको लागि सडक सङ्घर्ष गर्ने बताए । तर, ओलीको बोलीअनुसार व्यवहारमा अडान देखिएन । भदौ २६ गते सुपारीटार सैनिक व्यारेकमा ओलीले राष्ट्रपतिलाई लेखेको सम्मति र सिफारिसमा प्रतिनिधिसभा विघटन गर्न नपाउने व्यहोरा किन उल्लेख भएन ? भदौ २४ गते ओलीले प्रधानमन्त्री पदबाट राजीनामा दिएलगत्तै सुशीला कार्कीसमेत अन्तरिम सरकारको प्रधानमन्त्री हुने र प्रतिनिधिसभा विघटन हुने चर्चा चलेको ओलीसम्म पुगेन । भदौ २४ गते देशभरि आगजनी हुँदा एमालेको लाखौँ सङ्ख्यामा रहेका नेता र कार्यकर्ता के गर्दै थिए ? एमाले ताजा जनादेश चुनावदेखि किन दुविधामा रहेको ?

अन्तरिम सरकारको नेतृत्वमा कार्की नियुक्ति भएपछि सुरक्षाकर्मीको घेरामा एमालेको महाधिवेशन सम्पन्न गरियो र एमाले अध्यक्षमा ओली नै दोहोरिए । के एमाले महाधिवेशन सुरक्षाको लागि प्रम कार्कीद्वारा १५ हजार बढी सुरक्षाकर्मी खटाइएको सत्य हो ?

यतिबेला एमाले एकातिर सर्वोच्च अदालतबाट प्रतिनिधिसभा पुनःस्थापना हुनुपर्ने तर्क राख्दै छ भने अर्कोतिर निर्वाचनको तयारी पनि गर्दै छ । अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीको नियुक्तिलाई असंवैधानिक बताउने एमाले उही कार्कीले बोलाएको बालुवाटार र सिंहदरबारको सर्वदलीय र सर्वपक्षीय बैठकमा 'अगाडि नै हाजिर किन हुन्छ ? यो जनतालाई धोका नै हो ।

केही दिनअघि राष्ट्रपतिले बोलाएको बैठकमा नेकाका शेरबहादुर देउवा, नेपाली कम्युनिस्ट पार्टीका पुष्पकमल दाहाल र एमाले अध्यक्ष ओली 'असंवैधानिक' अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीसँग सामुन्ने बसे । ओलीले भदौ २३ र २४ गतेको तोडफोड र आगजनीमा दाहालका 'लडाकु' पठाइएको पनि दाबी गरे । त्यसयता बालुवाटारमा दाहालसँग पहिलोपटक प्रत्यक्ष भेटेका ओलीले सो विषय किन उठाएनन् ? ओलीले दाहाललाई किन कठघरामा उभ्याउन सकेनन् ? के ओलीका भनाइहरू आधारहीन हुन् ? ओलीले राष्ट्रपति पौडेललाई संविधानविपरीत कार्कीलाई प्रधानमन्त्री पदमा किन नियुक्ति गरेको भनी सोध्नु पर्दैन ? घटनाको हप्ता दिनपछि असोज ३ गते संविधान दिवसको अवसरमा राष्ट्रपतिले बोलाएको सर्वदलीय भेलामा ओलीले एमालेका नेताहरूलाई पनि पठाएर राष्ट्रपतिबाट कार्कीलाई प्रममा 'असंवैधानिक' नियुक्तिको अनुमोदन किन गरे ? त्यतिबेला ओली सुपारीटार सैन्य ब्यारेकमा 'सुरक्षित' रहेका होइनन् ?

भदौ २४ गते देशभरि आगजनी हुँदा बिहान सिंहदरबारमा विपक्षी दलसँग बैठक बसेका माओवादीका पुष्पकमल दाहाल र वर्षमान पुन, एसका माधवकुमार नेपाल सिंहदरबारभित्र सैन्य ब्यारेकमा सुरक्षित रहे । एमालेका ओलीलाई प्रधानमन्त्री बनाउन समर्थन गरेका नेकाका सभापति देउवा र देउवा पत्नी परराष्ट्रमन्त्री आरजु राणा पनि बुढानीलकण्ठको आफ्ना निवासमा 'सुरक्षित' बसेकै कारण कुटपिटमा परेको होइन ? भदौ २३ र २४ गतेको घटनालाई समीक्षा गर्दा शासक दलका नेता र कार्यकर्ताहरू झूट र खौवा साबित हुन्छ ।

नेपालको राजनीतिमा शासक दलहरू – नेका एमाले, नेपाली कम्युनिस्ट पार्टी, रास्वपा, राप्रपा, जसपा नेपाल, जनमत पार्टी, लोसपा, नाउपा आदिको नाम र नेता फरक छन् तर सरकारमा तिनीहरूको आर्थिक र विदेश मामिला एउटै भयो । यी पार्टीहरू बरोबर सरकारको नेतृत्व र मन्त्रीमा पुगे तर तिनीहरूले 'सत्ता' के हो बुझ्न सकेनन् । तिनीहरूले सरकारमा पुगेर देश र जनताको निःस्वार्थ सेवा गरेनन् । तिनीहरूले सरकारमा गएर नेपाली जनतालाई २८ खर्ब रूपैयाँ बढी ऋण बोकाए, देशलाई भ्रष्टाचारको दलदलमा फसाए ।

यतिखेर नयाँ दल र नेता भन्नेहरू पनि 'प्रधानमन्त्री' बन्नेमा होडबाजी गर्दै छन् । मुख्य विषय सरकारको पदमा

*बाँकी पृष्ठ ७ मा*

# नसच्चिने प्रवृत्तिका नसकिने दल

● इकुश्रे

नेपाली राजनीतिको रङ्गमञ्चमा राजनीतिक दलहरू यस्ता सक्रिय पात्र हुन्, जसको जाल गाउँका चौतारीदेखि सिंहदरबारका कोठाकोठासम्म माकुराको जालो झैँ जेलिएको छ । बाहिरबाट हेर्दा दलहरूभित्र हुने नियमित बैठक, अधिवेशन र चर्का भाषणले लोकतन्त्रलाई जीवन्त बनाउन खोजेको जस्तो भान हुन्छ । तर, यो सक्रियताको बोक्रा उधिनेर हेर्ने हो भने भित्र एउटा भयावह नैतिक रिक्तता र वैचारिक मरुभूमि भेटिन्छ । दलहरू अरूलाई भ्रममा पार्न, षड्यन्त्रका तानाबाना बुन्न र प्रतिस्पर्धीलाई पछार्न जति असीमित ऊर्जा खर्चन्छन्, आफ्नै ऐना हेरेर ऐतिहासिक गल्ती स्वीकार गर्न त्यति नै काँतर देखिन्छन् । यही आत्मसमीक्षाको खडेरी र "हामी नै सर्वेसर्वा हौँ" भन्ने दम्भ नै आजको नेपाली राजनीतिको सबैभन्दा ठुलो विडम्बना बनेको छ ।

आजकल पार्टीभित्र हुने बहसहरू समाज रूपान्तरण वा राष्ट्रिय समृद्धिका मुद्दामा होइन, केवल सत्ताको अङ्कगणित र पदको भागबन्डामा केन्द्रित छन् । हिजो महान् विचार र क्रान्तिकारी सिद्धान्तको दुहाइ दिने दलहरू आज सत्ताकै लागि फुट्छन् र फेरि सत्ताकै लागि विचारै नमिल्ने शक्तिहरूसँग 'अपवित्र संसर्ग' गर्छन् । नेपाली भूमिमा देखिएको यो हदैसम्मको छेपारे हर्कतले राजनीतिको मर्यादालाई हिलाम्मे बनाएको छ । "हाम्रो दैनिकी, व्यवहार र जीवनशैलीले जनतामा कस्तो वितृष्णा जगाइरहेको छ ?" भन्ने आत्ममन्थन गर्न कुनै पनि दल तयार छैनन् । नेतृत्वमा एउटा यस्तो घातक 'सत्ता-रोग' लागेको छ, जहाँ आफूले सयौँ गल्ती गर्दा पनि 'मै ठीक' भन्ने महादम्भमा कुनै कमी आएको छैन । उनीहरूका लागि सार्वजनिक आलोचना वा नागरिकको पीडाको कुनै अर्थ रहँदैन । कसैले सुधारको स्वर उठाएमा त्यसलाई 'पार्टी सिध्याउने खेल' भन्दै घाँटी निमोठ्ने गरिन्छ । यही आत्ममुग्धताले गर्दा दलहरू क्रमिक रूपमा जनभावना र धरातलीय यथार्थबाट पूर्णतः विमुख हुँदै गएका छन् ।

नेपाली राजनीतिमा देखिएको अर्को चरम निराशाजनक पक्ष भ्रष्टाचारप्रतिको बढ्दो लाचारी र संवेदनहीनता हो । दलहरूले भ्रष्टाचारलाई एउटा सामान्य र अनिवार्य जीवनपद्धतिका रूपमा स्वीकारिसकेका छन् । ठुला आर्थिक अनियमिततामा आफ्ना नेताको नाम जोडिँदा पनि दलहरूले नैतिकताका आधारमा कारबाही गर्नुको साटो शक्ति र सङ्गठनको आडमा उनीहरूलाई संरक्षण दिने कसरत गर्छन् । "हामीलाई कसैले केही गर्न सक्दैन, कानुन हाम्रै खल्तीमा छ" भन्ने दम्भले नेताहरूमा लोकलाजको भय हराएको छ । भ्रष्टाचारलाई सामाजिक अपराधभन्दा पनि राजनीति सञ्चालन गर्ने र चुनाव जित्ने 'इन्धन' का रूपमा हेरिनुले दलहरूको नैतिक धरातल ध्वस्त पारेको छ । यस्तो अवस्थामा 'असल दल' बन्ने सम्भावनालाई भ्रष्टाचारको डढेलोले खरानी बनाइदिएको छ ।

राजनीतिक दलका यी निन्दनीय क्रियाकलापका बाबजुद फेरि तिनैलाई लोकतन्त्रका संवाहक मान्नुपर्ने बाध्यता छ । निर्वाचनमा प्राप्त हुने मत वा सडकमा देखिने कार्यकर्ताको भीडलाई दलहरूले आफ्नो 'अजेय शक्तिको प्रमाण' मान्ने भ्रम पालेका छन् । तर, वास्तविकता अर्कै छ । जनताले कुनै दललाई मतदान गर्नुको पछाडि सधैँ विश्वास मात्र हुँदैन, धेरैजसो अवस्थामा यो त 'असल विकल्पको अभाव' ले उब्जाएको विवशता हो । चुनावी मैदानमा सबै उस्तै खराब देखिएपछि बिचरा जनता 'कम खराब' लाई रोज्न बाध्य हुन्छन् । विडम्बना, आजको 'कम खराब' पात्र भोलि सत्तामा पुग्नासाथ झन् भयानक खराब हुन समय लाग्दैन । स्वार्थ, पैसा र बाध्यतावश प्राप्त हुने जनमतलाई दलहरूले आफ्नो भ्रष्टाचार र दम्भमाथिको वैधानिकता ठान्छन्, जसले गर्दा उनीहरूलाई कहिल्यै सुध्रिनुपर्ने आवश्यकता नै महसुस हुँदैन ।

अन्त्यमा, जबसम्म राजनीतिक दलहरूले आफ्नो आन्तरिक लोकतन्त्रलाई केवल सत्ता र पदको भागबन्डामा सीमित राख्छन्, तबसम्म उनीहरू जनप्रिय बन्न सक्दैनन् । अरूलाई झुक्याउने रणनीति र भ्रष्टाचारको ओत लागेर टिकेको सत्ताले क्षणिक लाभ त देला, तर त्यसले समाजमा नैतिक मूल्य र राष्ट्रिय स्वाभिमानको विनाश गर्छ । दलहरूले अब अरूको आँखाबाट आफूलाई हेर्न र आफ्ना कमजोरीहरू इमानदारीपूर्वक स्वीकार गर्न सिक्नैपर्छ । गल्ती स्वीकार गर्ने साहस र त्यसलाई व्यवहारमै सुधार्ने तत्परता नदेखाएसम्म दलहरू केवल सत्ता प्राप्त गर्ने मेसिन मात्र रहिरहनेछन् । जनताले विकल्प नभएर रोज्नु र इमानदार ठानेर रोज्नुमा आकाश-जमिनको फरक हुन्छ । दम्भ, फूट र भ्रष्टाचारको फोहोरी संस्कृति नत्यागेसम्म यी 'नसच्चिने' दलहरूले मुलुकलाई निकास दिन सक्दैनन् । आफूलाई जनमतको आडमा कानुन र न्यायभन्दा माथि ठान्ने सोचले नै हाम्रो लोकतन्त्रको जरा खोक्रो बनाइरहेको छ, जुन समयमै सच्चिनु अनिवार्य छ ।

# लेनिनवादका आधारहरू : स्तालिन

'लेनिनवादका आधारहरू' विश्व कम्युनिस्ट आन्दोलनका महान् गुरू स्तालिनको चर्चित कृति हो। यो सन् १९२४ मा प्रकाशित भएको थियो। यस कृतिमा लेनिनवादलाई साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवादको रूपमा परिभाषित गरिएको छ। लेनिनवादले मार्क्सवादलाई पुनर्स्थापना गर्नुका साथै पुँजीवाद र वर्गसङ्घर्षको नयाँ परिस्थितिमा मार्क्सवादलाई अगाडि बढाउँछ। यो विशेषत: सर्वहारा क्रान्तिको सिद्धान्त र कार्यनीति हो। विशेषत: लेनिनवाद सर्वहारा वर्गको अधिनायकत्व/हुकुमको सिद्धान्त र कार्यनीति हो।

लेनिनवादको उदय साम्राज्यवादको चरम अन्तरविरोधहरूबाट भएको हो। श्रम र पुँजीबिच, साम्राज्यवादी शक्तिहरूबिच र शासक राष्ट्रहरू तथा औपनिवेशिक जनताबिच अन्तरविरोध चर्किरहेको बेला लेनिनवाद जन्मेको थियो। त्यो बेला रूस यी सबै अन्तरविरोधको केन्द्रबिन्दु थियो। त्यसैले रूस नै लेनिनवाद जन्मभूमि बन्यो। लेनिनवादले सिद्धान्त र व्यवहारमा एकता हुनुपर्ने, पार्टीहरूको परीक्षण कामले गर्नुपर्ने, क्रान्तिकारी सङ्घर्षका लागि जनसमुदायलाई तयार पार्नुपर्ने र आत्म-आलोचनामा जोड दिनुपर्ने चार कुरामा जोड दिन्छ।

लेनिनवादी सिद्धान्तले क्रान्तिकारी सिद्धान्त अपरिहार्यता रहेको तथ्यमा जोड दिन्छ। यसले क्रान्ति 'स्वत:स्फूर्तता' हुन्छ भन्ने अवसरवादी सिद्धान्तलाई अस्वीकार गर्छ। लेनिनवादले सर्वहारा क्रान्तिलाई विश्वव्यापी साम्राज्यवादी व्यवस्थाको सबैभन्दा कमजोर कडी तोड्ने औजार मान्छ। सर्वहारावर्गको हुकुमलाई लेनिनवादले क्रान्तिको मुख्य औजार मान्छ। लेनिनवादको यो मान्यताले सोभियत सत्ताको रूप लियो। लेनिनवादले किसानहरूलाई सर्वहारा वर्गको महत्त्वपूर्ण सहयोगी र जगेडा शक्तिको रूपमा पहिल्यायो। यसले राष्ट्रियताको मुद्दालाई औपनिवेशिक जनताको मुक्तिसँग जोडेर विश्वव्यापी समस्याको रूपमा प्रस्तुत गर्‍यो। कम्युनिस्ट पार्टीलाई मजदुरवर्गको अग्रदस्ता, सङ्गठित दस्ता, वर्ग सङ्गठनको सर्वोच्च रूप र मजदुरवर्गको हुकुम ल्याउने उपकरण मानिन्छ। यसकारण, कम्युनिस्ट पार्टीमा गुटबन्दी अस्वीकार्य हुन्छ। रूसीहरूको जस्तो क्रान्तिकारी वेग र अमेरिकीहरूको जस्तो कार्यदक्षताको मिलनलाई नै लेनिनवादले आफ्नो सार मान्यो।

अब "लेनिनवादका आधारहरू" पुस्तकको कथ्यलाई केस्राकेस्रा गरी केलाऔँ। पुस्तकमा साँच्चै के छ त ? लेनिनवाद के हो ?

**१. लेनिनवादको परिभाषा र ऐतिहासिक जरा**

लेनिनवादलाई प्राय: दुई अपूर्ण परिभाषाद्वारा व्याख्या गर्ने प्रयास गरिन्छ। पहिलो, यसलाई रूसको विशिष्ट परिस्थितिमा मार्क्सवादको प्रयोग मानिन्छ। जुन आंशिक सत्य हो। तर, यो परिभाषाले लेनिनवादको अन्तर्राष्ट्रिय चरित्रलाई बेवास्ता गर्छ। दोस्रो, यसलाई १९ औं शताब्दीको मार्क्सवादको क्रान्तिकारी तत्त्वहरूको पुनरूत्थान मानिन्छ। लेनिनवादले दोस्रो इन्टरनेसनलका अवसरवादीहरूले दबाएको मार्क्सवादको क्रान्तिकारी आन्तर्यलाई पुनर्स्थापित गरेको थियो। यो पनि सत्यको एक अंश मात्र हो।

पूर्ण सत्य के हो भने लेनिनवादले मार्क्सवादलाई पुनर्स्थापित मात्र गरेन। बरू, यसले पुँजीवाद र सर्वहारा वर्गसङ्घर्षको नयाँ परिस्थितिमा मार्क्सवादलाई अझ विकसित गर्‍यो। लेनिनवादको सबैभन्दा सटिक परिभाषा यसप्रकार छ :

"लेनिनवाद साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद हो। अझ स्पष्ट भाषामा भन्ने हो भने लेनिनवाद सामान्यतया सर्वहारा क्रान्तिको सिद्धान्त र कार्यनीति हो। विशेषगरी लेनिनवाद सर्वहारा वर्गको हुकुमको सिद्धान्त र कार्यनीति हो।"

कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सको जीवनकालमा साम्राज्यवाद पूर्णत: विकसित भइसकेको थिएन। तर, लेनिनको जीवनकालमा विकसित साम्राज्यवाद र सर्वहारा क्रान्ति विस्तार भइरहेको थियो। त्यसैले, लेनिनवाद मार्क्सवादको थप विकास हो।

**साम्राज्यवादका अन्तरविरोधहरू**

लेनिनले साम्राज्यवादलाई 'मरणशील पुँजीवाद' भन्नुभयो। किनभने, साम्राज्यवादले पुँजीवादका अन्तरविरोधहरूलाई चरम सीमामा पुर्‍याउँछ र यसपछि क्रान्ति सुरू हुन्छ। यसबिच देखिने तीन मुख्य अन्तरविरोधहरू यसप्रकार छन् :

**१. श्रम र पुँजीबिचको अन्तरविरोध :** एकाधिकारवादी ट्रस्ट र वित्तीय गुटहरू कति शक्तिमान हुन्छन् भने मजदुरवर्गले गर्ने सङ्घर्षका परम्परागत तौरतरिका (ट्रेड युनियन, संसदीय सङ्घर्ष) अपुग बन्न पुग्यो। यसले मजदुरवर्गलाई अर्को विधि क्रान्तितर्फ धकेल्यो।


२. वित्तीय समूहहरू र साम्राज्यवादी शक्तिहरूबिचको अन्तरविरोध : कच्चा पदार्थका स्रोत र विदेशी भूभागका लागि विभिन्न साम्राज्यवादी शक्तिहरूबिच सङ्घर्ष सुरू भयो। यसले गर्दा साम्राज्यवादीहरूको आपसी युद्ध अनिवार्य बन्न पुग्यो। यो युद्धले साम्राज्यवादीहरूलाई कमजोर बनायो र सर्वहारा क्रान्तिलाई नजिक ल्यायो।

३. शासक 'सभ्य' राष्ट्रहरू र औपनिवेशिक तथा आश्रित जनताबिचको अन्तरविरोध : उपनिवेशवादी शासकहरूको क्रूर शोषण र दोहनले करोडौँ औपनिवेशिक जनतामा राष्ट्रिय चेतना जगायो। यसले गर्दा मुक्ति आन्दोलन उठ्यो। यो सङ्घर्षले उपनिवेशहरूलाई साम्राज्यवादको जगेडा शक्तिबाट सर्वहारा क्रान्तिको जगेडा शक्तिमा परिणत गर्‍यो।

**रूस किन लेनिनवादको केन्द्र बन्यो ?**

रूस यी सबै अन्तरविरोधको केन्द्रबिन्दु थियो। अर्थात, रूस क्रान्तिकारी तरिकाले ती अन्तरविरोध हल गर्ने स्थितिमा थियो।

- जारशाही रूस पुँजीवादी, औपनिवेशिक र सैन्य गरी तीनैथरी उत्पीडनको सबैभन्दा अमानवीय र बर्बर चपेटामा परेको थियो।
- यो पश्चिमी साम्राज्यवादको एक मुख्य जगेडा शक्ति थियो। यसले विदेशी पुँजी भित्र्यायो र युद्धमा लाखौँ सैनिकहरू उपलब्ध गरायो।



यी स्तम्भहरले मिलेर लेनिनवादको सैद्धान्तिक र व्यावहारिक ढाँचा निर्माण गर्दछन् — सिद्धान्तको एक प्रणाली र सर्वहारा वर्गलाई सत्तामा मार्गदर्शन गर्नको लागि कार्यको एक विज्ञान।

- जारशाही शासन पश्चिमा साम्राज्यवादको दलाल र बफादार सहयोगी थियो।
- त्यसैले, जारशाहीमाथि प्रहार साम्राज्यवादमाथिको प्रहार थियो। जारशाहीविरूद्धको क्रान्ति साम्राज्यवादविरूद्ध सर्वहारा क्रान्तिमा परिणत हुनु अनिवार्य थियो।
- यसका साथै, रूसमा विश्वको सबैभन्दा क्रान्तिकारी सर्वहारावर्गको नेतृत्वमा एक विशाल जनक्रान्ति उठिरहेको थियो। यो वर्गसँग रूसका क्रान्तिकारी किसानहरूको महत्त्वपूर्ण साथ सहयोग थियो।

यही परिस्थितिले रूसी कम्युनिस्टहरूलाई आफ्नो सङ्घर्षलाई अन्तर्राष्ट्रिय क्षेत्रमा लैजान, साम्राज्यवादका घाउहरूलाई उदाङ्गो पार्न र आफ्नै देशमा पुँजीवादलाई परास्त गर्न प्रेरित गर्‍यो। यसैकारण, रूस लेनिनवादको जन्मघर बन्यो र रूसी कम्युनिस्टहरूका नेता भ्लादिमिर लेनिन यसका निर्माता बन्नुभयो।

**२. लेनिनवादी पद्धति**

मार्क्स/एङ्गेल्सको जीवनकाल र लेनिनको जीवनकालबिच एउटा ठूलो विश्वासघाती अन्तराल थियो। यो बेला कम्युनिस्ट आन्दोलनमा दोस्रो इन्टरनेसनलको अवसरवादको जगजगी थियो। सो अवधिमा क्रान्तिकारी सिद्धान्तलाई निष्प्राण सूत्रहरूमा परिणत गरियो। क्रान्तिकारी नीतिको सट्टा फितलो राजनीति गरियो। आत्मालोचनाबाट कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ता टाढै बसे। यही अवसरवादलाई बढार्दै लेनिनवादी पद्धति जन्मेको थियो।

**लेनिनवादी पद्धतिका विशेषता :**

**१. सिद्धान्त र व्यवहारको एकता :** दोस्रो इन्टरनेसनलका सैद्धान्तिक सूत्रहरूलाई श्रमजीवी जनसमुदायको क्रान्तिकारी सङ्घर्षको भट्टीमा परीक्षण गर्ने। सिद्धान्त र व्यवहारबिच चुँडेको तन्तु पुन: जोड्ने।

**२. कार्यबाट परीक्षण :** राजनीतिक पार्टीहरूको नीति उनीहरूले लगाउने नारा र उनीहरूले पारित गर्ने प्रस्तावहरूबाट होइन, बरू उनीहरूले गर्ने काम र गतिविधिबाट परीक्षण गर्ने।

**३. क्रान्तिकारी पुनर्गठन :** श्रमजीवी जनसमुदायलाई क्रान्तिकारी सङ्घर्षका लागि तालिम दिएर तयार पार्ने उद्देश्यले सम्पूर्ण पार्टी गतिविधिलाई नयाँ क्रान्तिकारी धारमा ढाल्ने।

४. आत्मालोचना : पार्टीभित्र आत्मालोचना गर्ने र आफ्नै गल्तीहरूबाट सिक्दै इस्पाती कार्यकर्ता र नेताहरूलाई प्रशिक्षित गर्ने। लेनिनले भन्नुभयो, "गल्तीलाई खुलस्त रूपमा स्वीकार्नु, त्यसका कारणहरू पत्ता लगाउनु, त्यसलाई सुधार्ने माध्यमहरूबारे विस्तृत छलफल गर्नु - यो एक गम्भीर पार्टीको चिनारी हो।"

लेनिनवादले दोस्रो इन्टरनेसनलको जडसूत्रवादी नेतृत्वलाई व्यवहारिक क्रान्तिकारी सङ्घर्षको अनुभवबाट खण्डन गर्‍यो। सर्वहारा जनताले बहुमत नपाई सत्ता लिनु हुँदैन वा प्रशिक्षित कार्यकर्ताबिना सत्ता टिकाउन सकिँदैन भन्ने जड तर्कहरूलाई रूसी क्रान्तिको अनुभवले गलत साबित गर्‍यो।

**३. सिद्धान्त**

**क. सिद्धान्तको महत्त्व**

लेनिनवादले व्यवहारलाई सिद्धान्तभन्दा बढी प्राथमिकता दिन्छ भन्ने धारणा गलत हो। लेनिनले क्रान्तिकारी सिद्धान्तको ठूलो महत्त्व रहने कुरा बुझ्नुभएको थियो। उहाँको एउटा प्रसिद्ध कथन नै थियो :

"क्रान्तिकारी सिद्धान्तबिना कुनै क्रान्तिकारी आन्दोलन हुन सक्दैन।"

सिद्धान्त सबै देशका मजदुर आन्दोलनका अनुभवहरूको सामान्यीकृत रूप हो। सिद्धान्तलाई क्रान्तिकारी व्यवहारसँग जोडिएन भने यो निरर्थक हुन्छ। सिद्धान्तले मात्र आन्दोलनलाई आत्मविश्वास र मार्गनिर्देश दिन सक्छ। सिद्धान्तले मात्र घटनाहरूको आन्तरिक सम्बन्ध बुझाउन सक्छ।

**ख. 'स्वत:स्फूर्तताको सिद्धान्त' को आलोचना**

यो अवसरवादी सिद्धान्त हो। यसले स्वत:स्फूर्त हुने मजदुर आन्दोलनलाई पूजा गर्छ। यो सिद्धान्तले मजदुरवर्गको अग्रदस्ता अर्थात् पार्टीको नेतृत्वदायी भूमिकालाई अस्वीकार गर्छ। यो सिद्धान्तले मजदुर आन्दोलनलाई 'प्राप्त गर्न सकिने' मागहरू मात्र पूरा गराउने कार्यमा सीमित राख्छ। अथवा, पार्टीलाई स्वत:स्फूर्त आन्दोलनको पछि लाग्न प्रेरित गर्छ। लेनिनले आफ्नो कृति 'के गर्ने ?' मा यस 'पुच्छरवाद' (khvostism) को आलोचना गर्नुभयो। यो आलोचनाले रूसमा एक साँचो क्रान्तिकारी आन्दोलनको सैद्धान्तिक आधार तयार गर्‍यो।

**ग. सर्वहारा क्रान्तिको सिद्धान्त**

सर्वहारा क्रान्तिसम्बन्धी लेनिनको सिद्धान्त तीनवटा आधारभूत मान्यतामा आधारित छ :

१. आन्तरिक मोर्चा : विकसित पुँजीवादी देशहरूमा वित्तीय पुँजीको प्रभुत्वले मजदुरवर्ग झन्झन् असन्तुष्ट बन्दै जान्छन्। यसले गर्दा पुँजीवादी देशहरूभित्र क्रान्तिकारी सङ्कट चर्किन्छ।


२. बाह्य मोर्चा : उपनिवेशहरूमा पुँजीको निर्यात र औपनिवेशिक उत्पीडनले साम्राज्यवादविरोधी विद्रोहहरू बढ्न थाल्छन्।

३. अन्तर-पुँजीवादी मोर्चा : साम्राज्यवादी शक्तिहरूबिच विश्वको पुन:विभाजनका लागि हुने सङ्घर्षले साम्राज्यवादलाई कमजोर बनाउँछ। यसले गर्दा क्रान्तिकारी सर्वहारावर्ग र औपनिवेशिक मुक्ति चाहनेहरूबिच मोर्चाबन्दीमा सहयोग पुग्छ।

यिनै परिदृश्यबिच लेनिनले "साम्राज्यवाद समाजवादी क्रान्तिको पूर्वसन्ध्या हो" भन्ने सामान्य निष्कर्ष निकाल्नुभयो। यस सिद्धान्तअनुसार क्रान्तिको सुरूवात उद्योगधन्दा सबैभन्दा बढी फस्टाएको स्थानबाट नभई साम्राज्यवादी साङ्लो सबैभन्दा कमजोर बनेको स्थानबाट हुन्छ। यो सिद्धान्तले के पनि स्थापित गर्‍यो भने पुँजीवादी लोकतान्त्रिक क्रान्ति र सर्वहारा क्रान्तिबिच नाघ्न नसकिने कुनै 'चिनियाँ पर्खाल' छैन। बरू पहिलो क्रान्ति दोस्रोमा परिणत हुनैपर्छ।

**४. सर्वहारावर्गको हुकुम क्रान्तिको औजार**

सर्वहारा अधिनायकत्व/हुकुम सर्वहारा क्रान्तिको मुख्य सार हो। यो क्रान्तिको औजार, यसको अङ्ग र यसको सबैभन्दा महत्त्वपूर्ण आधार हो। सर्वहारावर्गको हुकुमको उद्देश्य पराजित शोषकहरूको प्रतिरोधलाई कुल्चनु, क्रान्तिका उपलब्धिहरूलाई सुदृढ पार्नु र समाजवादको पूर्ण विजयसम्म क्रान्तिलाई अगाडि बढाउनु हो। यो हुकुमका तीन मुख्य कार्यभार हुन्छन् : क) पराजित जमिनदार र पुँजीपतिहरूको प्रतिरोध तोड्ने। ख) सबै श्रमिक जनतालाई सर्वहाराको वरिपरि गोलबद्ध गर्ने गरी पूर्वाधार निर्माणमा सङ्गठित हुने। ग) विदेशी शत्रुहरू र साम्राज्यवादविरूद्ध सङ्घर्ष गर्न क्रान्तिलाई सशस्त्र बनाउने र क्रान्तिकारी सेना गठन गर्ने।




सर्वहारावर्गको शासन पुँजीपतिवर्गमाथि सर्वहारा हुकुम भनेको सरकार चलाउने व्यक्तिको हेरफेर मात्र होइन। यो त नयाँ अङ्गहरू भएको नयाँ राज्य व्यवस्था हो। यो हुकुम पुरानो पुँजीवादी राज्यको भग्नावशेषमा खडा हुन्छ।

- सर्वहारा हुकुम कानुनी रूपमै शोषकहरूमाथि प्रतिबन्ध लगाइने र बल प्रयोग गरिने पुँजीपतिवर्गमाथिको सर्वहारा जनताको शासन हो।
- यो अल्पसङ्ख्यक शोषकहरूमाथि बहुमत शोषित-उत्पीडितको हुकुम हो।
- यो हुकुम सबैका लागि 'पूर्ण' प्रजातन्त्र हुन सक्दैन। यो त 'सर्वहारा र सामान्य गरिबगुरूवाका लागि नौलो प्रजातन्त्र र पुँजीपतिवर्गको लागि नौलो अधिनायकत्व' बन्नुपर्छ।
- यो हुकुम पुँजीवादी राज्य संयन्त्र, सेना र कर्मचारीतन्त्रलाई ध्वस्त पारेर मात्र उत्पन्न हुन सक्छ।

सोभियत सत्ता सर्वहारा वर्गका सङ्घ सङ्गठनको नौलो अधिनायक रूप थियो। सर्वहारावर्गका सबैभन्दा फैलिएका जनसङ्गठन नै सोभियत (रूसी जनपरिषद्) थियो। त्यसैले सोभियतहरू शक्तिशाली थिए। सोभियतहरूले सबै शोषित-पीडित जनतालाई एकजुट पारे। सोभियतहरू श्रमजीवी जनसमुदायको क्रान्तिकारी सङ्घर्षका सबैभन्दा शक्तिशाली अङ्ग बने। सोभियत सत्ता विभिन्न सोभियतहरूको एउटा साझा राज्यरूप वा मिलन थियो। लेनिनले भन्नुभयो, "मजदुर, सिपाही र किसान प्रतिनिधिहरूको सोभियत गणतन्त्र नै समाजवादतर्फ (सबैभन्दा पीडामुक्त) सामाजिक सङ्क्रमण सुनिश्चित गर्नसक्ने एक मात्र (राज्य) रूप हो।"

**५. किसानको सवाल**

लेनिनवादमा किसानको सवाल आधारभूत सवाल होइन। तर, यो सर्वहारा हुकुम ल्याउनका लागि एक अंशियार सवाल हो। यो सर्वहारा हुकुम स्थापित गर्नका लागि किसानहरू सहयोगी बन्ने कि नबन्ने भन्ने प्रश्न हो। लेनिनवादले बहुमत किसानमा क्रान्तिकारी क्षमता हुने र त्यसलाई सर्वहारा हुकुमको हितमा प्रयोग गर्न सकिने सम्भावनामा जोड दिन्छ।

क. पुँजीवादी लोकतान्त्रिक क्रान्तिको अवधि (सन् १९०५ - १९१७ फेब्रुअरी) : यो समयमा रूसका किसानहरू उदारवादी पुँजीपतिवर्ग ( क्याडेट) को प्रभावबाट मुक्त भएर सर्वहारा वर्गतिर ढल्किए। यही सहयोगले रूस फेब्रुअरी क्रान्तितर्फ लम्कियो।

ख. सर्वहारा क्रान्तिको अवधि (१९१७ फेब्रुअरी - १९१७ अक्टोबर) : किसानहरू समाजवादी क्रान्तिकारीहरूबाट निराश भए। उनीहरू शान्ति र जमिनका लागि सर्वहारा जनताको वरिपरि प्रत्यक्ष रूपमा गोलबद्ध भए।

ग. सोभियत सत्ताको सुदृढीकरणपछि : आर्थिक निर्माणको प्रश्न अगाडि आयो। लेनिनले सहकारी संस्थाहरूमार्फत लाखौँ साना र मझौला किसानलाई सङ्गठित गरेर कृषिमा समाजवादी निर्माणको बाटो कोर्नुभयो। तीनवटा क्रान्तिमा सर्वहाराको नेतृत्वमा लडेको सोभियत किसान अब सर्वहारावर्गसँग आर्थिक सहकार्य गर्ने असाधारण मित्र बन्यो।

**६. राष्ट्रियताको सवाल**

लेनिनवादले राष्ट्रिय प्रश्नको दायरालाई फराकिलो बनायो। राष्ट्रियताको प्रश्नलाई 'सभ्य' राष्ट्रहरूको साँघुरो घेराबाट निकालेर लेनिनवादले उपनिवेशका उत्पीडित जनताको मुक्तिको मुद्दा बनाइदियो।

- लेनिनवादले आत्मनिर्णयको अधिकारलाई उपनिवेशवादी देशबाट अलग्ग रहेर स्वतन्त्र राज्य बन्न पाउने अधिकारको रूपमा व्याख्या गर्‍यो।
- राष्ट्रिय प्रश्नलाई सर्वहारा क्रान्तिको एक हिस्सा मानियो र यसको समाधानलाई सर्वहारा क्रान्तिसँग जोडियो।
- लेनिनवादले उत्पीडित देशहरूको राष्ट्रिय मुक्ति आन्दोलनमा क्रान्तिकारी क्षमता रहेको र यो क्षमता प्रयोग गरी साम्राज्यवादलाई परास्त गर्न सकिने बतायो।

यसको लागि लेनिनवादी सिद्धान्तअनुसार 'प्रभुत्वशाली' राष्ट्रका सर्वहारावर्गले उत्पीडित र आश्रित जनताको राष्ट्रिय मुक्ति आन्दोलनलाई सहयोग गर्नुपर्छ। यो सहयोग दृढ र सक्रिय हुनुपर्छ। यो सहयोगको अर्थ अलग र स्वतन्त्र राज्य बन्न पाउने उपनिवेश देशको अधिकारको प्रतिरक्षा गर्नु हो, त्यो अधिकारलाई मूर्त बनाउन टेवा दिनु हो।

**७. रणनीति र कार्यनीति**

'रणनीति र कार्यनीति' सर्वहारावर्गले चलाउने वर्गसङ्घर्षमा नेतृत्वको विज्ञान हो।

क. रणनीति (Strategy) : रणनीतिको अर्थ हो - क्रान्तिकारी चरणमा सर्वहारावर्गको मुख्य निसाना तय गर्नु, क्रान्तिकारी शक्तिहरू (मुख्य र सहायक जगेडा शक्तिहरू) ले मिलेर एक सुसङ्गत योजना बनाउनु र सो चरणभरि यो योजना कार्यान्वयन गर्न सङ्घर्ष गर्नु। क्रान्तिको एक चरणबाट अर्को चरणमा जाँदा रणनीति परिवर्तन हुन्छ। तर, सो चरणभरि मूलत: रणनीतिमा परिवर्तन आउँदैन।

ख. कार्यनीति (Tactics) : आन्दोलनमा उतारचढाव आउने छोटो अवधिमा सर्वहारा जनताको आचरण कस्तो रहने भनी तय गर्नु कार्यनीति हो। कार्यनीति रणनीतिको एक हिस्सा हो। रणनीतिको अधीनमा रहेर कार्यनीतिले रणनीतिको सेवा गर्छ। कार्यनीति सङ्घर्षको प्रवाह र उतारचढाव अनुसार बदलिन्छ।

रणनीतिक नेतृत्वले सबै जगेडा शक्तिहरूको उचित प्रयोग गरी क्रान्तिको मुख्य उद्देश्य हासिल गर्ने काम गर्छ। सही समयमा, सही ठाउँमा शक्ति केन्द्रित गर्नु, निर्णायक प्रहारको लागि क्षण छनोट गर्नु, अपनाइएको मार्गमा अविचलित रूपमा लाग्नु र दुश्मन बलियो हुँदा समुचित ढङ्गले पछि हट्न जगेडा शक्तिहरूको कुशल प्रयोग गर्नु नै रणनीतिक नेतृत्वको खुबी हो।

कार्यनीतिक नेतृत्वले सङ्घर्ष र सङ्गठनका सबै तौरतरिकामा निपुणता हासिल गरेको हुन्छ। यस्तो नेतृत्वले रणनीतिक सफलताको लागि आफूलाई ती तौरतरिकामा पोख्त पार्दै लग्छ।

**८. पार्टी**

साम्राज्यवादलाई परास्त गर्न र सर्वहारा हुकुम स्थापित गर्ने नौलो अभिभारा पूरा गर्न पुराना सामाजिक-प्रजातान्त्रिक पार्टीहरू अनुपयुक्त थिए। त्यसैले, एउटा नौलो, लडाकु, क्रान्तिकारी पार्टीको आवश्यकता थियो। लेनिनवादी पार्टी नै यो नौलो पार्टी बन्यो।

यस नयाँ पार्टीका विशेषता यस प्रकार थिए :

*बाँकी पृष्ठ ७ मा*



दक्षिणपूर्वी एसियाली देश कम्बोडियाको पालिन प्रान्तमा अवस्थित थाइल्यान्डसितको प्रुम अन्तर्राष्ट्रिय सीमानाकामा थाइ सेनाले द्वन्द्वको क्रममा पक्राउ गरेका कम्बोडियाली सेनाहरू शान्ति सम्झौतापछि स्वदेश फर्कंदै डिसेम्बर ३१, २०२५ का दिन । *तस्बिर : सिन्ह्वा*

# जोहरान ममदानी न्युयोर्कको मेयर

न्युयोर्क, १६ पुस (एएफपी) । अमेरिकी वामपन्थी युवा अग्रगामी जोहरान ममदानीले बुधबार न्युयोर्कको मेयर पदभार ग्रहण गर्न लाग्नुभएको छ । सन् २०२६ को मध्यरातमा ममदानीले संयुक्त राज्य अमेरिकाको सबैभन्दा ठुलो सहरको नेतृत्व गर्दै एक परित्यक्त सबवे स्टपमा शपथ लिनुहुनेछ । उहाँ न्युयोर्कको पहिलो मुस्लिम मेयर बन्नुहुनेछ ।

३४ वर्षीय डेमोक्रेट ममदानीले जीवनयापनको बढ्दो लागत, भाडा नियन्त्रण, विश्वव्यापी बाल हेरचाह र नि:शुल्क सार्वजनिक यातायात जस्ता मुद्दामा सुधार गर्ने वाचा गर्दै अभियान चलाउनुभएको थियो । तर, एक वर्षअघि लगभग अज्ञात रहनुभएका उहाँले कसरी आफ्नो महत्त्वाकांक्षी एजेन्डा पूरा गर्न सक्नुहुन्छ भन्ने कुरा हेर्न बाँकी छ ।

न्युयोर्क विश्वविद्यालयका प्राध्यापक जोन केनले भन्नुभयो, “प्रतीकात्मकता मतदातासँग मात्र जान्छ, नतिजा अझ महत्त्वपूर्ण हुन्छ ।” राष्ट्रपति डोनाल्ड ट्रम्पले ममदानीको आलोचना गर्दै ‘कम्युनिस्ट पागल’ भनेका थिए । तर नोभेम्बरमा ह्वाइट हाउसमा दुवैबिच आश्चर्यजनक रूपमा सौहार्दपूर्ण वार्ता भएको थियो । राजनीतिक विश्लेषक र कोलम्बिया विश्वविद्यालयका प्राध्यापक लिङ्कन मिचेलले भेटलाई ‘ममदानीको दृष्टिकोणबाट उत्कृष्ट’ भन्नुभएको छ ।

तर, आप्रवासी छापाहरू र ट्रम्पको बढ्दो दमनले चुनौती सिर्जना गर्न सक्छ । ममदानीले आप्रवासी अधिकारको रक्षा गर्ने वाचा गर्नुभएको छ र ट्रम्पको नीतिसँग भिडन्तमा तयार हुनुहुन्छ ।

न्युयोर्कका महान्यायाधिवक्ता लेटिटिया जेम्सले ममदानीको निजी शपथ ग्रहण गराउननुहुनेछ । बिहीबार हुने औपचारिक उद्घाटन कार्यक्रममा वामपन्थी सहयोगी सिनेटर बर्नी स्यान्डर्स र सांसद अलेक्जान्ड्रिया ओकासियो-कोर्टेजले भाषण दिनुहुनेछ । सिटी हल बाहिर लगभग चार हजार पाहुना उपस्थित हुने अपेक्षा गरिएको छ ।

ममदानीको टोलीले ब्लक पार्टी आयोजना गरेको छ, जसले हजारौँ न्युयोर्कवासीलाई सडक दृश्य क्षेत्रबाट समारोह हेर्न सक्षम बनाउनेछ । मेयर निर्वाचित भएपछि उहाँ क्विन्सको भाडा-नियन्त्रित अपार्टमेन्टबाट म्यानहट्टनको आधिकारिक हवेलीमा सर्नुहुनेछ, जुन मुख्यत: सुरक्षा कारणले गरिएको छ ।

युगान्डामा भारतीय मूलको परिवारमा जन्मेका ममदानी सात वर्षको उमेरमा न्युयोर्क आउनुभएको हो । छोटो राजनीतिक कार्यकाल भए पनि उहाँ राज्य सभाको सदस्य रहिसक्नुभएको छ । अनुभवहीनतालाई पूर्ति गर्न उहाँले विगतका मेयर कार्यालय र पूर्वराष्ट्रपति जो बाइडेन प्रशासनका अनुभवी सहयोगीहरूसँग आफूलाई घेर्नुभएको छ ।

व्यापारिक नेताहरूसँग संवाद खुला राख्दै उहाँले आफ्नो नीतिले धनी न्युयोर्कवासीको पलायनको भविष्यवाणी गर्ने दाबीहरूको खण्डन गर्नुभयो । प्यालेस्टिनी अधिकारको रक्षकका रूपमा उहाँले यहुदी समुदायलाई समावेशी नेतृत्वको आश्वासन दिनुहुनेछ ।

हालै वर्षौंअघि यहुदी विरोधी ट्वीटहरू सार्वजनिक भएपछि उहाँका केही कर्मचारीले राजीनामा दिएका थिए । ममदानीले आफ्नो नेतृत्वमा न्युयोर्कलाई समावेशी र न्यायोचित सहर बनाउन प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

# खालिदा जियालाई राजकीय बिदाइ

ढाका, १६ पुस (एएफपी) । बङ्गलादेशले बुधबार पूर्वप्रधानमन्त्री बेगम खालिदा जियालाई राजकीय सम्मानका साथ अन्तिम बिदाइ दिएको छ । राजधानी ढाकामा आयोजित अन्त्येष्टिमा विशाल भीड उपस्थित रहँदा देशले दशकौँसम्म आफ्नो राजनीतिलाई आकार दिनुभएकी एक प्रभावशाली नेतृप्रति गहिरो शोक प्रकट गऱ्यो ।

प्रधानमन्त्रीका रूपमा सेवा गर्ने बङ्गलादेशकी पहिलो महिला रहनुभएकी खालिदा जियाको मङ्गलबार ८० वर्षको उमेरमा निधन भएको हो । सत्र करोड जनसङ्ख्या भएको यस दक्षिण एसियाली मुलुकमा उहाँको निधनले राजनीतिक तथा सामाजिक क्षेत्रमा गहिरो शून्यता सिर्जना गरेको छ ।

अन्त्येष्टिका क्रममा राष्ट्रिय झण्डा आधा झुकाइएको थियो । हजारौँ सुरक्षाकर्मीको उपस्थितिमा उहाँको पार्थिव शरीर राष्ट्रिय झण्डाले ढाकिएको गाडीमा राजधानीका मुख्य सडक हुँदै लगिएको थियो । सडकछेउ उभिएका सर्वसाधारणले मौन श्रद्धाञ्जलि अर्पण गरेका थिए ।

सेवानिवृत्त सरकारी कर्मचारी मिन्हाज उद्दीनले आफूले कहिल्यै उहाँलाई मत नदिए पनि तीन पटक प्रधानमन्त्री बन्नुभएकी नेतृप्रति सम्मान प्रकट गर्न आएको बताउनुभयो । “म मेरो नातिसँग यहाँ आएको हुँ, एक अनुभवी राजनीतिज्ञलाई अन्तिम बिदाइ दिन, जसको योगदान सधैँ सम्झिरहनेछ”, उहाँले भन्नुभयो ।

शोकमग्न शर्मिना सिराजले बेगम जियालाई महिला नेतृत्वको प्रेरणाका रूपमा स्मरण गर्नुभयो । दुई सन्तानकी आमाले बालिकाहरूको शिक्षाका लागि सुरु गरिएको स्टाइपेन्ड कार्यक्रमले ‘हाम्रा छोरीहरूको जीवनमा ठुलो परिवर्तन ल्याएको’ बताउनुभयो ।

लामो समयदेखि खराब स्वास्थ्य र कारावासको पीडाका बाबजुद बेगम जियाले फेब्रुअरी १२ मा तय भएको निर्वाचनमा पार्टीको समर्थनमा सक्रिय रहने प्रतिबद्धता जनाउनुभएको थियो । उक्त निर्वाचन गत वर्ष भएको जनआन्दोलनपछि शेख हसिनाको सत्ता पतनपछिको पहिलो मतदान हो ।

उहाँको नेतृत्वमा रहेको बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) लाई निर्वाचनमा अग्रस्थानमा देखिएको छ । सत्र वर्षको निर्वासनपछि हालै स्वदेश फर्कनुभएका उहाँका सुपुत्र तारिक रहमानलाई पार्टीले बहुमत पाए सम्भावित प्रधानमन्त्रीका रूपमा हेरिएको छ ।

“उहाँ अब हामीबिच हुनुहुन्न, तर उहाँको विरासत जीवित छ र बिएनपी पनि जीवित छ”, अन्त्येष्टि हेर्न परिवारसहित टाढाबाट आएकी जेनी परवेजले भन्नुभयो ।

नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले तीन दिनको राष्ट्रिय शोक घोषणा गर्दै विस्तृत राजकीय अन्त्येष्टि आयोजना गरेको हो । संसद् भवन बाहिर ठुलो भीड जम्मा भएको थियो, जहाँ निर्धारित समयमै अन्त्येष्टि प्रार्थना सम्पन्न गरियो । युनुसले बङ्गलादेशले ‘एक महान् संरक्षक गुमाएको’ प्रतिक्रिया दिनुभयो ।

बेगम खालिदा जियाको पार्थिव शरीर उहाँका दिवङ्गत पति, पूर्व राष्ट्रपति जियाउर रहमानसँगै दफन गरिनेछ । रहमानको सन् १९८१ मा हत्या भएको थियो ।

तारिक रहमानले विज्ञप्ति जारी गर्दै देशले ‘आफ्ना लोकतान्त्रिक आकाङ्क्षालाई दिशा दिने मार्गदर्शक व्यक्तित्व गुमाएको’ बताउनुभयो । उहाँले आमाले पटक-पटक गिरफ्तारी, उपचारमा अवरोध र निरन्तर दबाब सहनुपरे पनि ‘उहाँको साहस र दृढता कहिल्यै नटुटेको’ उल्लेख गर्नुभयो ।

# चीनद्वारा दुई नयाँ उपग्रह अन्तरिक्षमा प्रक्षेपण

वेन्चाङ, हैनान, १६ पुस (सिन्ह्वा) । चीनले दक्षिणी टापु प्रान्त हैनानको वेन्चाङ अन्तरिक्ष प्रक्षेपण केन्द्रबाट बुधबार दुई नयाँ उपग्रह सफलतापूर्वक कक्षमा पठाएको छ ।

‘शिजियान-२९ए’ र ‘शिजियान-२९बी’ नामका उपग्रहहरू बिहान ६:४० बजे (बेइजिङ समय) लङ मार्च-७ए वाहक रकेटमार्फत प्रक्षेपण गरिएका हुन् । प्रक्षेपणपछि दुवै उपग्रह तोकिएको कक्षमा सफलतापूर्वक प्रवेश गरेका छन् ।

शिजियान-२९ए र शिजियान-२९बी चीनद्वारा प्रक्षेपण गरिएका प्रायोगिक (टेस्ट) उपग्रहहरू हुन्, जसको मुख्य उद्देश्य अन्तरिक्ष लक्ष्य पहिचान र अनुगमनसँग सम्बन्धित नयाँ प्रविधिहरूको परीक्षण तथा प्रमाणीकरण गर्नु हो । यी उपग्रहहरू लङ मार्च-७ए रकेटमार्फत वेन्चाङ अन्तरिक्ष प्रक्षेपण केन्द्रबाट कक्षामा पठाइएका हुन् र भविष्यका उन्नत अन्तरिक्ष प्रणाली विकासका लागि प्रविधिक डेटा सङ्कलनमा प्रयोग गरिन्छ । यी परीक्षणबाट प्राप्त अनुभव र डाटाले भविष्यका निगरानी, अन्तरिक्ष सुरक्षा, कक्ष व्यवस्थापन र उन्नत अन्तरिक्ष प्रणाली विकासमा महत्त्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।

यी उपग्रहहरू मुख्यत: अन्तरिक्ष लक्ष्य पहिचानसँग सम्बन्धित नयाँ प्रविधिको परीक्षणका लागि प्रयोग गरिने बताइएको छ ।

यस प्रक्षेपणसँगै लङ मार्च शृङ्खलाका वाहक रकेटहरूको कुल उडान सङ्ख्या ६२३ पुगेको छ ।

## विश्व सङ्क्षेप

# गाजाको मानवीय अवस्थाप्रति १० देशको गम्भीर चिन्ता

लन्डन, १६ पुस (सिन्ह्वा) । क्यानडा, डेनमार्क, फिनल्याण्ड, फ्रान्स, आइसल्याण्ड, जापान, नर्वे, स्वीडेन, स्विट्जरल्याण्ड र बेलायतका विदेश मन्त्रीहरूले गाजामा बिग्रँदै गएको मानवीय अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै संयुक्त वक्तव्य जारी गरेका छन् ।

बेलायती विदेश कार्यालयद्वारा जारी वक्तव्यअनुसार, गाजाको मानवीय अवस्था अझै पनि विनाशकारी रहेको र हाल पुन: गम्भीर रूपमा खस्किँदै गएकोमा ती देशहरूले गहिरो चिन्ता व्यक्त गरेका हुन् । जाडो मौसम सुरु भएसँगै गाजाका सर्वसाधारण नागरिकहरू भारी वर्षा, घट्दो तापक्रम, खाद्य अभाव र स्वास्थ्य सेवाको गम्भीर कमीका कारण अत्यन्तै कठिन परिस्थितिमा बाँच्न बाध्य छन् ।

संयुक्त वक्तव्यमा इजरायली सरकारलाई गाजामा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई निरन्तर र पूर्वानुमेय रूपमा काम गर्न दिन, साथै संयुक्त राष्ट्रसङ्घ र उसका साझेदार संस्थाहरूले मानवीय सहायता पुऱ्याउन सक्ने वातावरण सुनिश्चित गर्न आग्रह गरिएको छ । साथै, मानवीय सहायता सहज रूपमा भित्र्याउन दोहोरो प्रयोग सामग्रीमा लगाइएका प्रतिबन्ध हटाउन र सीमा नाका खोल्न पनि इजरायललाई अनुरोध गरिएको छ ।

यसैबिच, प्यालेस्टिनी सरकारले अन्तर्राष्ट्रिय समुदाय र संयुक्त राष्ट्रसङ्घीय निकायहरूलाई गाजाका बासिन्दालाई कठोर जाडो मौसम र लगातारका आँधी-तूफानबाट जोगाउन तत्काल मानवीय कदम चाल्न आग्रह गरेको छ । रामल्लाहमा बसेको साप्ताहिक बैठकपछि जारी वक्तव्यमा गाजामा आश्रय सामग्री प्रवेश गराउन माग गरिएको छ ।

# माली र बुर्किना फासोद्वारा अमेरिकी नागरिकमाथि प्रतिबन्ध

बामाको (माली), १६ पुस (एपी) । माली र बुर्किना फासोले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा लगाइएका यात्रा प्रतिबन्धको प्रतिकारस्वरूप अमेरिकी नागरिकहरूको आफ्ना देशमा प्रवेशमा प्रतिबन्ध लगाउने निर्णय गरेका छन् ।

दुवै पश्चिम अफ्रिकी देशका विदेशमन्त्रीहरूले छुट्टाछुट्टै बयानमार्फत यस घोषणाको जानकारी दिएका छन् । यसले पश्चिम अफ्रिकी सैन्य सरकारहरू र अमेरिकी प्रशासनबिचको चिसो सम्बन्धमा नयाँ मोड ल्याएको छ ।

डिसेम्बर १६ मा राष्ट्रपति ट्रम्पले माली, बुर्किना फासो, नाइजर लगायत २० बढी देशमा आफ्नो अघिल्लो यात्रा प्रतिबन्ध विस्तार गर्नुभएको थियो । यस निर्णयलाई जुन्ताद्वारा सञ्चालित सशस्त्र सङ्गठन र पश्चिम अफ्रिकी राज्यहरूको आर्थिक समुदायबाट अलग भएको सङ्घ निर्माणसँग सम्बन्धित रहेको बताइएको छ । मालीको विदेश मन्त्रालयको विज्ञप्तिमा भनिएको छ, “पारस्परिकताको सिद्धान्तअनुसार तत्काल प्रभावबाट अमेरिकी नागरिकहरूमा मालीका नागरिकमाथि लागेका समान सर्त र आवश्यकताहरू लागू गरिनेछ ।”

बुर्किना फासोका विदेशमन्त्री कारामोको जीन-मेरी ट्राओरेद्वारा हस्ताक्षरित बयानमा पनि समान कारणले अमेरिकी नागरिकहरूको प्रवेशमा प्रतिबन्ध लगाउने निर्णय स्पष्ट गरिएको छ ।

ह्वाइट हाउसले सशस्त्र समूहद्वारा भइरहेका निरन्तर आक्रमणहरूलाई यात्रा प्रतिबन्धको कारणको रूपमा उल्लेख गरेको छ । माली र बुर्किना फासो दुवै देशमा तीव्र गतिमा फैलिएका सशस्त्र समूहलाई नियन्त्रण गर्न सङ्घर्षरत छन् । यस क्षेत्रको असुरक्षाले नागरिक सरकारहरूलाई अपदस्थ गराएको र जुन्ताहरूले सशस्त्र समूहहरूसँग लड्ने वाचा गरेको उल्लेख विज्ञप्तिमा गरिएको छ ।

# मङ्गोलियाद्वारा दक्षिण कोरियाली पर्यटकहरूलाई सन् २०२६ सम्म भिसा-छुट प्रवेश विस्तार

उलान बाटोर, १६पुस (सिन्ह्वा) । मङ्गोलियन सरकारले बुधबार दक्षिण कोरियाका नागरिकहरूलाई मङ्गोलियाको छोटो अवधिको भ्रमणमा सन् २०२६ को अन्त्यसम्म भिसा छुट प्रवेश विस्तार गर्ने निर्णय गरेको जनाएको छ ।

यो निर्णय “मङ्गोलिया भ्रमण गर्ने वर्षहरू“ पर्यटन कार्यक्रमको भित्र देशमा सिजनको पर्यटनको विकासलाई बढावा दिने र थप विदेशी पर्यटकहरूलाई आकर्षित गरेर पर्यटन क्षेत्रलाई पुनर्जीवित गर्ने सरकारको प्रयासको एक हिस्सा भएको विज्ञप्ति मार्फत जनाइएको छ ।

हाल मङ्गोलियाको अर्थतन्त्र खानी क्षेत्र र खनिज स्रोतको निर्यातमा निर्भर छ । तसर्थ, दिगो पर्यटन विकास गरी देशको अर्थतन्त्रलाई विविधीकरण गर्न र विश्वव्यापी प्रतिस्पर्धाको सन्दर्भमा पर्यटनको प्रतिस्पर्धा बढाउनका लागि पर्यटनलाई प्राथमिकतामा राखेको सरकारले जनाएको छ ।

मङ्गोलियन पर्यटन सङ्गठनका अनुसार मङ्गोलियाले सन् २०२५ मा कुल आठ लाख ४६ हजार १०३ विदेशी पर्यटकहरूलाई स्वागत गरेको छ । जुन अघिल्लो वर्षको तुलनामा पाँ च प्रतिशतले बढी हो ।

सन् २०२८ सम्म, मङ्गोलियाले आधिकारिक आदर्श वाक्य “गो मङ्गोलिया” (आधिकारिक आदर्श वाक्य) अन्तर्गत पर्यटन क्षेत्रलाई सहयोग गर्ने आफ्नो नीतिको एक हिस्साको रूपमा २० लाख विदेशी पर्यटकहरू भित्राउने योजना बनाएको छ ।

# वर्ष समीक्षा २०२५ : अनिश्चितताले घेरेको विश्व अर्थतन्त्र

✍ हेमन्त जोशी

काठमाडौँ । सन् २०२५ मा विश्व अर्थतन्त्रले उच्च ब्याजदर तथा मुद्रास्फीति, आपूर्ति शृङ्खलामा आएको परिवर्तन, मानवीय सहायता रकममा चरम कटौती, सार्वजनिक ऋणको बढ्दो आँकडाजस्ता चुनौतीको सामना गर्नुपर्‍यो । संयुक्त राष्ट्रसङ्घ (यूएन), अन्तर्राष्ट्रिय मुद्रा कोष ( आईएमएफ), विश्व आर्थिक मञ्च (डब्लुईएफ) लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूले उच्च मुद्रास्फीति, बढ्दो ऋण, भू-राजनीतिक तनाव, प्रविधि क्षेत्रमा आएको सुस्तता, जलवायु सङ्कट र श्रम बजारमा देखिएको संरचनात्मक परिवर्तनले सन् २०२५ लाई चुनौतीपूर्ण आर्थिक वर्षका रूपमा चित्रित गरेका छन् ।

यस वर्ष सबैभन्दा ठुलो चिन्ता मुद्रास्फीति र ब्याजदरको विषय बनेको छ । धेरै मुलुकका केन्द्रीय बैङ्कहरूले कडा मौद्रिक नीतिका बाबजुद मुद्रास्फीति नियन्त्रणमा ल्याउन सङ्घर्ष गरिरहेका छन् । यसको प्रत्यक्ष असर उपभोग, पुँजीबजार र घरजग्गा जस्ता क्षेत्रमा देखिएको छ । त्यस्तै, सार्वजनिक र निजी क्षेत्रको ऋण ऐतिहासिक उच्च स्तरमा पुगेको छ । बढ्दो ब्याजदरका कारण ऋणको सेवा खर्च बढ्दा सरकारहरूका बजेटमा ठुलो दबाब परेको छ भने निजी क्षेत्रको लगानी क्षमता खुम्चिएको छ । विशेषगरी विकासशील र उदीयमान अर्थतन्त्रहरू ऋण सङ्कटको जोखिमतर्फ धकेलिँदै गएको विश्व बैङ्कले उल्लेख गरेको छ ।

त्यस्तै, भू-राजनीतिक विभाजन र व्यापार युद्ध अर्को गम्भीर चुनौतीका रूपमा देखिएको छ । अमेरिका-चीन प्रतिस्पर्धा, युक्रेन-रुस युद्ध, मध्यपूर्वको अस्थिरता र संरक्षणवादी नीतिका कारण विश्व व्यापार प्रणाली झन् खण्डित हुँदै गएको छ । बढ्दो भन्सार शुल्क र व्यापार अवरोधले आपूर्ति शृङ्खला अव्यवस्थित बनाएको छ । जसले उत्पादन लागत बढाउनुका साथै विश्व व्यापारको वृद्धिदर घटाएको छ ।

प्रविधि क्षेत्र विशेषगरी कृत्रिम बौद्धिकता ( एआई) क्षेत्रमा तत्काल प्रतिफल नआउँदा यस क्षेत्रका लगानीकर्ताहरू सतर्क बनेका छन् । यसले प्रविधि कम्पनीहरूको लगानी कटौती, रोजगारी घट्ने र शेयर बजारमा अस्थिरता बढाएको छ । प्रविधि क्षेत्रको सुस्तताले समग्र आर्थिक वृद्धिमा समेत नकारात्मक प्रभाव पारेको विश्लेषण गरिएको छ ।

जलवायु परिवर्तनको आर्थिक लागत झन् गहिरिँदै गएको छ । बाढी, सुक्खा र प्राकृतिक प्रकोपका कारण कृषि, पूर्वाधार र बीमा क्षेत्रमा ठुलो क्षति भइरहेको छ । त्यस्तै, श्रम बजारमा पनि दीर्घकालीन संरचनात्मक समस्या देखिएको छ । विकसित मुलुकहरूको जनसङ्ख्यामा काम गर्ने युवा र वयस्क उमेर समूहको तुलनामा वृद्ध व्यक्तिहरूको वृद्धिदर बढ्न थालेको छ । जसकारण श्रमिक अभाव, पेन्सन र स्वास्थ्य खर्चको बोझ बढ्दो छ । यसले उत्पादनशीलता घटाउनुका साथै सामाजिक सुरक्षा प्रणालीमा दबाब सिर्जना गरेको छ ।

अन्तर्राष्ट्रिय आप्रवासन अर्को संवेदनशील आर्थिक-राजनीतिक मुद्दा बनेको छ । श्रम अभाव पूर्ति गर्न आप्रवासी श्रमिक आवश्यक भए पनि सामाजिक असन्तोष, राजनीतिक विरोध र मानवीय सङ्कटले सरकारहरूलाई जटिल निर्णय लिन बाध्य बनाएको छ ।

मुद्रास्फीति, युद्ध, ऋण सङ्कट र नीतिगत अनिश्चितताका कारण शेयर, मुद्रा र ऋणपत्र बजारमा तीव्र उतार-चढाव देखिएको छ । यसले लगानीकर्ताको विश्वास कमजोर बनाएको छ । आपूर्ति शृङ्खलाका अवरोध बढ्दै गएका छन् । युद्ध, संरक्षणवाद र क्षेत्रीयकरणका कारण कच्चा पदार्थदेखि उपभोक्ता वस्तुसम्म आपूर्ति अवरोध देखिन थालेका छन् । मूल्य र उत्पादन दुवै प्रभावित बनाएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२५ को विश्व वृद्धिदर महामारीअघिको औसतभन्दा तल रहने अनुमान छ । ‘वर्ल्ड इकोनोमिक आउटलुक-अक्टोबर २०२५’ अनुसार विश्व आर्थिक वृद्धिदर २०२४ को ३.३ प्रतिशतबाट घटेर २०२५ मा ३.२ प्रतिशत र २०२६ मा ३.१ प्रतिशतमा खुम्चिने अनुमान गरिएको छ ।

## अमेरिकाले छेडेको ‘ट्यारिफ वार’

आफ्नो दोस्रो कार्यकालका लागि ह्वाइटहाउस फर्किएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आक्रामक भन्सार (ट्यारिफ) नीतिका कारण यो वर्ष विश्व बजार र आपूर्ति शृङ्खला नराम्रोसँग खल्बलियो । व्यापार घाटा घटाउने नाममा प्रमुख व्यापारिक साझेदारमाथि नयाँ-नयाँ भन्सार कर घोषणा गर्दै ट्रम्प प्रशासनले तय गरेका नीतिका प्रभाव संसारभर देखिए । यो नीतिबाट घरेलु उत्पादन संरक्षणको दाबी गरिए पनि यसले अमेरिकाको आयात महँगिँदा अमेरिकी उपभोक्तामाथि मूल्यवृद्धिको बोझ मात्रै थपेन व्यापारिक साझेदार देशहरूको प्रतिशोधात्मक कदमले बहुपक्षीय व्यापार प्रणाली झन् कमजोर बन्न पुग्यो । कार्यकाल सम्हालेको तीन महिनामै तीन ठुला व्यापारिक साझेदार क्यानाडा, मेक्सिको र चीनमाथि अतिरिक्त भन्सार कर थपियो । अमेरिकी व्यापारमा ‘लिबरेसन डे’ को नाम दिँदै ट्रम्पले गत अप्रिलमा विश्वका अधिकांश देशमाथि व्यापक भन्सार कर घोषणा गरे । यसबिचमा अमेरिकाको चीनसँगको व्यापार युद्ध अझ तीव्र बन्यो । अमेरिका र चीनबिच एक-अर्कामाथि करको दर क्रमश: १४५ प्रतिशत र १२५ प्रतिशतसम्म पुगेको थियो । त्यस्तै, गत अगस्टमा अमेरिकाले युरोपेली सङ्घ (ईयू) सहित ६० भन्दा बढी देशमाथि उच्च भन्सार कर लागु गर्‍यो । क्यानाडामाथि कर ३५ प्रतिशत पुर्‍याइयो भने ब्राजिल र भारतबाट आउने वस्तुमा ५० प्रतिशत कर लागू गरियो । विश्वभर आयात हुने तामामा ५० प्रतिशत कर लगाइयो । साना मूल्यका आयातमा कर छुट दिने ‘डे मिनिमिस’ नियम खारेज हुँदा अनलाइन व्यापारसमेत प्रभावित भयो । वर्षको अन्त्यतिर ट्रम्प प्रशासनले लागू गरेको भन्सार विवाद अदालतसम्म पुग्यो । समग्रमा, सन् २०२५ मा ट्रम्पको भन्सार नीतिले अमेरिकी अर्थतन्त्र मात्र होइन, विश्व व्यापार व्यवस्थालाई समेत अस्थिर बनाएको छ । संरक्षणवादको नाममा सुरु गरिएको यो आक्रामक रणनीतिले दीर्घकालीन रूपमा अमेरिका स्वयंलाई कति फाइदा पुर्‍याउँछ भन्ने प्रश्न झन् पेचिलो बन्दै गएको छ ।

## सुन, चाँदी र प्लेटिनमको मूल्य हालसम्मकै उच्च

सन् २०२५ मा सुन, चाँदी र प्लेटिनमको मूल्य ऐतिहासिक बिन्दुमा पुग्यो । डिसेम्बर २७ मा अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔँस चार हजार ५४५ अमेरिकी डलर नाघ्दा चाँदी प्रतिऔँस ७९ डलर नाघेको छ । यो हालसम्मकै उच्च मूल्य हो । पछिल्लो एक वर्षमा मात्रै चाँदीको मूल्य १४६ प्रतिशतभन्दा बढीले बढेको छ, जुन सन् १९७९ यताकै सबैभन्दा ठुलो वार्षिक वृद्धिदर हो । त्यस्तै, प्लेटिनमको मूल्य प्रतिऔँस दुई हजार पाँच सय नाघेको छ । ब्याजदर कटौती र भन्सार ( ट्यारिफ) सम्बन्धी अनिश्चितताले सुन, चाँदी र प्लेटिनमको मूल्य यस वर्ष ऐतिहासिक उच्च विन्दुमा पुगेको हो ।




## सङ्कुचित श्रम बजार

यो वर्ष विश्व श्रम बजारले सङ्कुचनको सामना गर्‍यो । ठुला कम्पनीहरू महामारीपछिका वर्षहरूमा देखिएको आक्रामक भर्ती रणनीतिबाट पछि हटे । उम्मेदवारको मूल्याङ्कन गर्न बढी समय लिने, थप पृष्ठभूमि जाँच गर्ने र अन्तर्वार्ताको चरण लम्ब्याउने प्रवृत्ति बढ्यो । मानव संसाधन परामर्श संस्था रोबर्ट हाफका अनुसार ९३ प्रतिशत कर्मचारी भर्ती प्रबन्धकहरूले दुई वर्षअघिको तुलनामा अहिले भर्ती प्रक्रिया लामो भएको बताएका छन् । भन्सार शुल्कसम्बन्धी नीतिका कारण आर्थिक अनिश्चितता बढ्नु, एआईको तीव्र प्रयोग, उच्च मुद्रास्फीति र ब्याजदरलगायतका कारण कम्पनीहरूले कर्मचारी कटौतीको रणनीति लिए । कम्पनीहरूले डिजिटल दक्षता, अनुकूलन क्षमता र एआईसँग काम गर्न सक्ने क्षमता भएका कर्मचारीलाई प्राथमिकतामा राखेको रोबर्ट हाफले उल्लेख गरेको छ । जसकारण औपचारिक डिग्रीभन्दा सीप र प्रत्यक्ष क्षमतामा आधारित भर्ती सन् २०२५ मा व्यापक बन्यो । आर्थिक सहकार्य तथा विकास सङ्गठन (ओईसीडी) ले भने यस वर्ष श्रमबजार सुधार उन्मुख देखिएको उल्लेख गरेको छ । बेरोजगारी दर सन् २०२२ अप्रिलयता पाँच प्रतिशतभन्दा कम रहेको ओइसीडीले जनाएको छ ।

## सहायता कटौतीको वर्ष

सन् २०२५ मा उच्च आय भएका मुलुकहरूले वैदेशिक सहायता र विकास सहयोगका शीर्षकमा ठुलो रकम कटौती गरेसँगै विश्वव्यापी मानवीय सहायता प्रणाली सङ्कटमा परेको छ । संयुक्त राष्ट्रसङ्घ (यूएन) ले यसलाई अन्तर्राष्ट्रिय मानवीय सहायताको क्षेत्रमा इतिहासमै सबैभन्दा ठुलो र तीव्र बजेट कटौतीका रूपमा व्याख्या गरेको छ । यस कटौतीका कारण मानवीय तथा आप्रवासनसम्बन्धी संस्थाहरू कमजोर बनेका छन् भने उनीहरूमा निर्भर लाखौँ मानिसको जीवन थप जोखिममा परेको छ ।

सन् २०२५ को मध्यसम्म आइपुग्दा विश्वव्यापी मानवीय सहायता अघिल्लो वर्षको तुलनामा करिब ४० प्रतिशतले घटिसकेको माइग्रेसन पोलिसी इन्स्टिच्युटले उल्लेख गरेको छ । सहायता कटौतीको प्रत्यक्ष मार शरणार्थी र द्वन्द्व तथा प्राकृतिक विपत्तिबाट प्रभावित समुदायले भोगिरहेका छन् । खाद्य सहायता घटाइएको छ, स्वास्थ्य चौकीहरू बन्द भएका छन् र विपद्को जोखिम अझ बढेको छ । उदाहरणका लागि, म्यान्मास्थित विश्वकै सबैभन्दा ठुलो शरणार्थी बस्तीमध्ये एकमा सन् २०२५ को मध्यतिर अधिकांश विद्यालय अस्थायी रूपमा बन्द भए । जनवरीदेखि सेप्टेम्बरसम्म ती बस्तीमा गम्भीर कुपोषण भएका बालबालिकाको सङ्ख्या ११ प्रतिशतले बढ्यो भने बालविवाह र बालश्रमका घटना पनि बढेको प्रतिवेदनहरूमा उल्लेख छ । त्यस्तै, अफ्रिकी मुलुक चाड र दक्षिण सुडानको सीमामा शरणार्थीहरू सुरक्षित स्थानमा सार्नका लागि आवश्यक यातायात खर्चसमेत नभएपछि हजारौँ मानिस सीमामै अलपत्र परे । केन्याको काकुमा शरणार्थी शिविरमा खाद्यान्न कोटा घटाइएपछि हिंसात्मक प्रदर्शन भए र त्यसको परिणामस्वरूप छ हजारभन्दा बढी दक्षिण सुडानी शरणार्थी आफ्नै असुरक्षित देश फर्किन बाध्य भए ।

माइग्रेसन पोलिसी इन्स्टिच्युटका अनुसार सन् २०३० सम्ममा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) लगभग निष्क्रिय बनेको अवस्थामा मात्रै एक करोड ४० लाखभन्दा बढी व्यक्ति प्रत्यक्ष प्रभावित हुनेछन् । यस वर्षको मानवीय सहायता कटौती केवल अमेरिका मात्र सीमित नभई क्यानाडा, बेलायत, ईयूका देशहरू र दक्षिण कोरियाले पनि सहायता बजेट घटाएका छन् ।

मानवीय सहायता रकम घटेसँगै त्यसको प्रभाव विभिन्न गैरसरकारी संस्थाहरूमा देखिन थालेको छ । संयुक्त राष्ट्रसङ्घीय निकाय यूएनएचसीआरले आफ्नो बजेट एक चौथाइले घटाउने योजना बनाएको छ र अक्टोबरसम्म आइपुग्दा करिब पाँच हजार कर्मचारी बर्खास्त गरिसकेको छ । विश्व खाद्य कार्यक्रम ( डब्लुएफपी) ले सन् २०२६ सम्ममा २५ प्रतिशतभन्दा बढी कर्मचारी कटौती गर्ने तयारी गरिरहेको छ, जसका कारण छ हजारभन्दा बढी रोजगारी गुम्नेछन् । साना-ठुला सबैखाले गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरू पनि यही सङ्कटबाट गुज्रिरहेका छन् ।

## अर्बपतिको सङ्ख्यामा अभूतपूर्व वृद्धि

विश्वका सबैभन्दा धनी व्यक्तिहरूको सम्पत्ति सन् २०२५ मा तीव्र रूपले बढेको छ । अमेरिकी बिजनेस म्यागजिन फोर्ब्सका अनुसार यस वर्ष मात्र विश्वभर ३४० भन्दा बढी नयाँ अर्बपति थपिएका छन् । अर्थात् लगभग दिनमा एकजना अर्बपतिको उदय भएको छ । यो वृद्धि मुख्य रूपमा अमेरिका, चीन, भारत, रुसलगायतका ठुला अर्थतन्त्रहरूमा देखिएको छ । विश्वभर १९ जना व्यक्ति अब ‘सेन्टिबिलियनेयर’ (सय अर्ब अमेरिकी डलरभन्दा बढी सम्पत्ति भएको व्यक्ति) बनेका छन् । यही डिसेम्बर १९ मा इलन मस्क ७०० अर्ब डलर सम्पत्ति पुग्ने पहिलो व्यक्ति बन्नुभएको छ ।

## एआई दौडमा ‘म्याग्निफिसेन्ट सेभेन’

यो वर्ष विश्व प्रविधि बजारका लागि ऐतिहासिक मात्र नभई विवादास्पद वर्ष पनि बन्यो । कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) को वर्चस्व स्थापित गर्ने होडमा विश्वका ठुला प्रविधि कम्पनीहरू एप्पल, माइक्रोसफ्ट, अमेजन, अल्फाबेट, मेटा, एनभिडिया र टेस्ला अग्रपङ्क्तिमा देखिए । ‘म्याग्निफिसेन्ट सेभेन’ नामले चिनिने यी सात कम्पनीले पुँजीबजारमा उत्साह र त्रास उत्तिकै देखाए । वर्षान्तसम्म आइपुग्दा यी कम्पनीको कुल बजार पुँजीकरण करिब २२ ट्रिलियन (२२० खर्ब) अमेरिकी डलर हाराहारी पुगेको थियो । जुन अमेरिकी सेयर बजारको करिब एकतिहाइ हिस्सा हुन जान्छ । वर्षको सुरुआतमै चिनियाँ स्टार्टअप ‘डिपसिक’ सबैभन्दा धेरै डाउनलोड हुने एप बनेपछि एआई क्षेत्रमा ठुलो तहल्का मच्चियो । किनकि कम लागतमा विकास गरिएको डिपसिकको ‘आर-१’ मोडेलले एनभिडियाका महँगा चिप र सफ्टवेयरमा आधारित एआई प्रणालीलाई ठाडो चुनौती दिएको थियो । डिपसिकको उदयले म्याग्निफिसेन्ट सेभेनको शेयर मूल्यमा गिरावट मात्र देखिएन गत अप्रिल ३ मा अमेरिकी पुँजी बजार वालस्ट्रिटमा सबैभन्दा ठुलो गिरावटसमेत देखियो । तर, गत जुलाईमा एमआइटीले ‘द जेनेरेसन एआई डिभाइड : स्टेट अफ एआई इन बिजनेस-२०२५’ सार्वजनिक गर्दै ९० प्रतिशतभन्दा बढी संस्थाले जेनेरेटिभ एआईबाट शून्य प्रतिफल पाएको दाबी गरेपछि प्रविधि सेयर हल्लियो । निकै कमजोर नतिजा देखाएको एआईले चाहिनेभन्दा बढी प्राथमिकता पाएको उक्त प्रतिवेदन सार्वजनिक भएसँगै त्यस्ता कम्पनीको शेयर मूल्य घट्न थाल्यो भने एनभिडिया ५० खर्ब डलर मूल्य पुग्ने विश्वकै पहिलो कम्पनी बन्यो । यही तीव्र उतारचढावका कारण एआई कम्पनीको पुँजी बजारलाई विश्लेषकहरूले ‘पानीको फोका’ सँग तुलना गरेका छन् ।

## अर्थशास्त्रतर्फको नोबेल पुरस्कार तीनजनालाई

रोयल स्विडिस एकेडेमी अफ साइन्सेजले सन् २०२५ को अर्थशास्त्रतर्फको नोबेल पुरस्कार तीन अर्थशास्त्री जोएल मोकिर, फिलिप एघियोन र पिटर हाउइटलाई नवप्रवर्तनमा आधारित आर्थिक वृद्धिको व्याख्या गरेबापत प्रदान गर्‍यो । जोएल मोकिरले प्रविधिका क्षेत्रमा भएको प्रगतिले कसरी दिगो आर्थिक वृद्धि सम्भव छ भन्ने विषयलाई व्याख्या गर्नुभएको थियो भने फिलिप एघियोन र पिटर हाउइटले ‘सृजनात्मक विनाश’ (क्रियटिभ डिस्ट्रक्सन) को सिद्धान्त विकास गर्नुभएको थियो । नयाँ प्रविधिले पुराना उत्पादन र प्रणालीलाई विस्थापित गर्दै दीगो आर्थिक वृद्धि, जीवनस्तर र समृद्धिको आधार तयार गर्ने तथा यसका लागि खुला समाज, प्रतिस्पर्धी र नवप्रवर्तनमैत्री वातावरण आवश्यक रहेको अर्थशास्त्रीहरूको निष्कर्ष छ ।

---

***लेनिनवादका....***

क. मजदुरवर्गको अग्रदस्ता : पार्टीले मजदुरवर्गका सबै उत्कृष्ट तत्त्वलाई समेट्नुपर्छ र क्रान्तिकारी सिद्धान्तले सुसज्जित हुनुपर्छ । यसले स्वत:स्फूर्त (हुने मजदुर) आन्दोलनको पछिपछि नलागी श्रमजीवीवर्गको नेतृत्व गर्नुपर्छ ।

ख. मजदुरवर्गको सङ्गठित दस्ता : पार्टी आफैमा अनुशासन र सङ्गठनको प्रतीक हुनुपर्छ । कम्युनिस्ट पार्टी विभिन्न जनवर्गीय सङ्घ सङ्गठनको योग मात्र होइन । बरू तिनीहरूको एक सग्लो पद्धति हो । जसमा अल्पमत नेता-कार्यकर्ता बहुमतको मातहत क्रियाशील हुन्छन् ।

ग. सर्वहारावर्गको पार्टी सङ्गठनको सर्वोच्च रूप : पार्टीले सर्वहाराका सबै सङ्घ सङ्गठनहरू ( ट्रेड युनियन, सहकारी, आदि) को सङ्घर्षको नेतृत्व तप्कालाई एकताबद्ध र केन्द्रीकृत पार्ने क्षमता राख्छ ।

घ. सर्वहारा हुकुमको औजार : पार्टी सर्वहारा हुकुम हासिल गर्न, त्यसलाई कायम राख्न र त्यसलाई थप विस्तार गर्न नभई नहुने सर्वहारा जनताको एक साधन हो ।

ङ. सामूहिक इच्छाशक्तिको मूर्त रूप, गुटबन्दीको विरोधी : इच्छाशक्तिको एकताबिना पार्टीमा फलामे अनुशासन कायम गर्न असम्भव छ । पार्टीको एकता र फलामे अनुशासन कायम गर्न गुटबन्दीलाई रोक्नुपर्छ । यी दुई विपरीत कुरा हुन् ।

च. अवसरवादी तत्त्वलाई टक्टक्याउँदै शुद्ध र बलियो बन्छ : अवसरवादी तत्त्वहरूका कारण पार्टीभित्र गुटबन्दी मौलाउँछ । त्यस्ता तत्त्वहरूविरूद्ध निर्मम सङ्घर्ष नगरी र तिनीहरूलाई पार्टीबाट निष्कासित नगरी साम्राज्यवादविरूद्ध सफल सङ्घर्ष चलाउन सकिन्न ।

### ९. कार्यशैली

लेनिनवादले विशेष प्रकारको पार्टी, कार्यकर्ता र कार्यशैलीको माग गर्छ । यसका दुई विशिष्ट गुण छन् :

क) रूसी क्रान्तिकारी वेग (Russian revolutionary sweep) : लेनिनवाद जड दिनचर्या, रूढिवाद र पुराना परम्पराप्रति दासतापूर्ण घुँडा-टेकाइविरूद्ध एक औषधि हो । यो जीवनदायिनी शक्ति हो । यसले विचारलाई उत्तेजित गर्छ, गतिविधि अगाडि बढाउँछ, विगतलाई तोड्छ र सम्भावनाका नयाँनयाँ ढोका खोल्छ ।

ख) अमेरिकी दक्षता (American efficiency) : लेनिनवाद ‘क्रान्तिकारी’ श्वैरकल्पना र फगत योजना-निर्माणविरूद्ध एक औषधि हो । यो अदम्य शक्ति हो । यसले कुनै बाधाअवरोध जान्दैन । अड्चनहरू स्वीकार्दैन । बरू बाधाअवरोधबिना गम्भीर रचनात्मक कार्यको कल्पना नै गर्न नसकिने लेनिनवादको ठहर छ ।

लेनिनवादी कार्यशैलीको सार पार्टी र राज्य सञ्चालनमा माथिका दुई विशिष्ट गुणलाई संयोजन गर्नु हो । रूसी क्रान्तिकारी वेग अमेरिकी दक्षतासँग जोडिएन भने एक क्रान्तिकारी खोक्रो ‘क्रान्तिकारी’ रूमानीवादमा पतन हुन सक्छ । त्यसैगरी, अमेरिकी दक्षता रूसी क्रान्तिकारी वेगसँग जोडिएन भने एक क्रान्तिकारी साँघुरो र सिद्धान्तहीन व्यवहारवादमा पतन हुनसक्छ । यी दुईको संयोजनले मात्र एक निपुण लेनिनवादी कार्यकर्ता जन्मिन सक्छ, एक परिपक्व लेनिनवादी कार्यशैली पैदा हुनसक्छ ।

---

***शासक...***

पुग्ने र पैसा कुम्ल्याउने होइन । देश र जनताको नि:स्वार्थ सेवा हुने दर्शन, सिद्धान्त र कार्यक्रम कार्यान्वयन गर्नु मुख्य हो । उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने समाजवादले मात्र देश र जनताको हित हुनसक्ने यथार्थ शासक दलहरूले किन बुझ पचाएका हुन् ? यो यथार्थ शासक दलहरू र तिनका प्रधानमन्त्री तथा मन्त्री बनेका र अबका प्रम आकाङ्क्षी दलहरूले किन बुझेनन् ? नेपाली जनताले आगामी चुनावमा मत हाल्नुअघि यी सबै विषयबारे सोच्नु जरुरी छ । नेका, एमाले र माओवादी, रास्वपा, राप्रपाको बरोबर भइरहेको निर्वाचन मोर्चा र सरकार गठबन्धन खौवा साबित भएन ? यो अवस्थामा अन्य दलहरूको चुनावी मोर्चाको औचित्य कसरी साबित हुन्छ ?

*२०८२ पुस १४*

# खाद्य असुरक्षा र जलवायु सङ्कटले अफगानिस्तानमा अवस्था झन् जटिल

संयुक्त राष्ट्रसङ्घ, १६ पुस ( सिन्ह्वा) । संयुक्त राष्ट्रसङ्घको मानवीय मामिला समन्वय कार्यालय ( ओचा) ले सन् २०२६ मा अफगानिस्तानका लागि एक अर्ब ७१ करोड अमेरिकी डलर बराबरको मानवीय सहयोग आह्वान सार्वजनिक गरेको छ । ओचाका अनुसार आगामी वर्ष अफगानिस्तान विश्वकै सबैभन्दा गम्भीर मानवीय सङ्कट झेलिरहेका मुलुकहरूमध्ये एकको रूपमा रहनेछ । सन् २०२६ मा करिब दुई करोड १९ लाख मानिसलाई कुनै न कुनै प्रकारको मानवीय सहायता आवश्यक पर्ने अनुमान गरिएको छ, जुन अघिल्लो वर्षको तुलनामा केही कम भए पनि अवस्था अझै चिन्ताजनक रहेको छ ।



यसैगरी, करिब एक करोड ७४ लाख मानिस गम्भीर खाद्य असुरक्षाबाट प्रभावित हुने अनुमान गरिएको छ, जसमा ४७ लाख मानिस आपत्कालीन अवस्था (आईपीसी चरण ४) मा पर्नेछन् । संयुक्त राष्ट्रसङ्घ र यसका मानवीय साझेदार संस्थाहरूले आवश्यकतामा रहेका करिब एक करोड ७५ लाख मानिसलाई प्राथमिकताका साथ सहयोग पुऱ्याउने योजना बनाएका छन्, जुन कुल आवश्यकतामा परेका मानिसको करिब ८० प्रतिशत हो ।

ओचाका अनुसार सहयोग कार्यक्रम जीवनरक्षक र सुरक्षामूलक सेवामा केन्द्रित रहनेछ । जसअन्तर्गत खाद्य सहायता, अस्थायी आवास, स्वास्थ्य सेवा, पोषण, सुरक्षित खानेपानी, सरसफाइ तथा बहुउद्देश्यीय नगद सहयोग प्रदान गरिनेछ । अफगानिस्तानमा मानवीय अवस्था द्वन्द्व नभए पनि संरचनागत कमजोरी, बढ्दो खाद्य असुरक्षा, जलवायु परिवर्तनका कारण हुने खडेरी, बारम्बार आउने भूकम्प र बाढी, विभिन्न रोगको प्रकोप तथा विशेषगरी महिला र बालिकामाथि पर्ने सुरक्षा जोखिमका कारण गम्भीर बनेको ओचाले जनाएको छ ।

सीमा पारबाट ठूलो सङ्ख्यामा नागरिक फर्किनुले समस्या झन् जटिल बनाएको छ । सन् २०२५ मा मात्रै २६ लाखभन्दा बढी अफगानी नागरिक इरान र पाकिस्तानबाट स्वदेश फर्किएका छन्, जसका कारण स्थानीय समुदाय, आधारभूत सेवा र रोजगारीका अवसरहरूमा थप दबाब परेको ओचाले उल्लेख गरेको छ ।

# युवाहरू अरुको लहलहैमा लाग्न नहुने



भक्तपुर, १६ पुस । नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर नगर समितिको आयोजनामा अन्तरक्रिया कार्यक्रम बुधबार सम्पन्न भयो ।

विश्व सर्वहारावर्गका महान् गुरु स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा उक्त कार्यक्रम भएको हो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले युवाहरू चुनौतीदेखि नडराई सङ्घर्ष गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो ।

अहिले प्रधानमन्त्री र मन्त्रीको उम्मेदवार बन्न अगाडि आइरहेकाहरू एमसीसीका समर्थक भएको उल्लेख गर्दै उहाँले उनीहरू विदेशी एनजीओ र आइएनजिओबाट सञ्चालित भएकोले सचेत हुनुपर्ने बताउनुभयो ।

उहाँले विचार र दृष्टिकोणले युवा बनिसकेपछि सही र गलत निर्धारण छुट्याउन सक्ने भएकोले देशको समसामयिक विषयका साथै विदेशीबाट सञ्चालित व्यक्तिहरूको बारेमा युवाहरूले बुझ्नु आवश्यक भएको बताउनुभयो ।

भदौ २३ र २४ गतेको घटना पूर्वनिर्धारित र नियोजित भएको हुँदा युवाहरू अरुको लहलहैमा नलाग्ने र लागेको भए त्याग्नुपर्ने विचार उहाँले व्यक्त गर्नुभयो ।

नेमकिपा मधेस प्रदेश सदस्य राजकृष्ण गोराले नेपालका अधिकांश नेताहरू विदेशबाट सञ्चालित भएकाले आगामी चुनावमा त्यस्ता नेताहरूलाई बिर्सनुपर्ने बताउनुभयो । उहाँले युवाहरूले अध्ययनलाई जोड दिनुपर्ने र राष्ट्रिय-अन्तर्राष्ट्रिय राजनीतिलाई ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेक्रायुसङ्घ भक्तपुर नगर समितिका अध्यक्ष जगतराम धुख्वाको सभापतित्वमा भएको उक्त कार्यक्रममा सचिव रामेश्वर मचामसी, कृष्ण गरु, कृष्णप्रसाद सुवाल, राधिका बेकोजुलगायतले बोल्नुभएको थियो ।

---

***विदेशी...***

देशसमेत नरहने अवस्था आउन सक्छ । नेपाली जनताले विदेशीसामु घुँडा टेक्ने दल र उम्मेदवारलाई मत दिनुहुँदैन । सिद्धान्तहीन चुनावी मोर्चालाई नेपाली जनताले अस्वीकार गर्नुपर्छ ।"

राजस्व कार्यालय भक्तपुरका प्रमुख उषा पोखरेलले कर प्रशासन र व्यवसायी एक अर्काको सहयोगी भएको बताउनुभयो ।

भक्तपुर जिल्ला इँटा उद्योग सङ्घका अध्यक्ष नातिभाइ ह्योम्बाको सभापतित्वमा भएको उक्त सभामा उद्योग वाणिज्य सङ्घ भक्तपुरका प्रमुख रामप्रसाद कुस्मा, इँटा व्यवसायी विश्वराम कवां, आशाकाजी त्वानावासु, ट्रक व्यवसायी सङ्घ भक्तपुरका अध्यक्ष लक्ष्मीप्रसाद गोरा, वातावरणविज्ञ भूषण तुलाधार, इँटा व्यवसायी सङ्घ केन्द्रका कार्यवाहक अध्यक्ष राजेन्द्र प्रजापति र उद्योग वाणिज्य सङ्घ भक्तपुरका रोशनीमैया धौबन्जारलगायतले बोल्नुभएको थियो ।

उक्त सभामा सचिव आशराम वैद्यले स्वागत मन्तव्य राख्नुभएको थियो ।

---

***विश्व...***

पार्नुभयो ।

स्तालिन सोभियतका जनतालाई अन्तिम समयसम्म देशको रक्षाको लागि लड्न उत्साहित गर्ने व्यक्तित्व हो भन्दै वडाध्यक्ष ज्याख्वले फागुनमा चुनाव हुने र नहुने भन्दा पनि देशलाई बङ्गलादेशको स्थितिमा पुऱ्याउनबाट रोक्नुपर्छ भन्नुभयो ।

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले समाजवादी देशहरूको जनमुखी नीतिका कारण त्यहाँका नागरिकहरूले सुखी जीवन उपभोग गर्ने अवसर पाएको बताउनुभयो । माओ र स्तालिनको जन्म दिवस मनाउनुको उद्देश्यमाथि प्रकाश पार्दै उहाँहरूको जीवनी अध्ययनबाट पनि धेरै प्रेरणा प्राप्त हुने उहाँले बताउनुभयो ।

समाजका उपाध्यक्ष काजीबहादुर पञ्च, नेपाल कर्मचारी एशोसियसन भनपा एकाइ समिति सदस्य गणेशलाल फौँजु, सचिव शिवराम धुख्वा र समाजका कोषाध्यक्ष दिव्यलक्ष्मी बज्राचार्यले माओ र स्तालिनको सङ्क्षिप्त जीवनी र योगदानबारे चर्चा गर्नुभयो ।

**भक्तपुर उद्यमी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

सुकुलढोका-५, भक्तपुर फोनः ६६१५२५३

**१८ औं वार्षिक साधारणसभामा उपस्थित हुनेबारे**

यस संस्थाको १८ औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरूलाई उपस्थित भइदिनुहुन सादर अनुरोध गर्दछ । साथै उक्त साधारणसभामा देहायका विषयहरुमा छलफल हुने व्यहोरा जानकारी गराउँदछ ।

**कार्यक्रम**

**मिति** : २०८२ पुस १८ गते, शुक्रबार
**स्थान** : संस्थाको कार्यालय परिसर
**समय** : दिनको १:०० बजे

**छलफलका विषयहरू :**

१) अध्यक्षको वार्षिक प्रतिवेदन ।
२) सचिवको वार्षिक प्रतिवेदन ।
३) कोषाध्यक्षको वार्षिक प्रतिवेदन ।
  क) आ.व.२०८१/०८२ असार मसान्तसम्मको आय व्यय, नाफा नोक्सान र वासलातको अनुमोदन ।
  ख) आ.व. ०८२/०८३ को अनुमानित बजेट अनुमोदन ।
४) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
५) आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन अनुमोदन ।
६) आ.व.२०८२/०८३ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण ।
७) सञ्चालक समितिले विभिन्न मितिमा गरेका निर्णयहरू अनुमोदन ।
८) १८ औं वार्षिक साधारणसभाको निर्णयपुस्तिका सदर गर्न शेयर सदस्यहरूबाट प्रतिनिधि मनोनयन गर्ने ।
९) लाभांश प्रस्ताव सम्बन्धमा ।
१०) शेयर लाभांश र संरक्षित पुँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
११) विविध ।

**हार्दिक श्रद्धाञ्जली**



जन्म
१९९९/०८/१९

स्वर्गारोहण
२०८२/०९/११

**कान्छी सुवाल**

यस पाण्डुबजार साथी समूहका सदस्य रामेश्वर सुवालकी ममतामयी माता **कान्छी सुवाल**को दुःखद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**पाण्डुबजार साथी समूह**

कृष्णप्रसाद जाकिबन्जार — कृष्णराम जती
रामसुन्दर सुवाल — बालकृष्ण सुवाल
पूर्णभक्त जोशी — रविन सुजखू
झलकबहादुर सुवाल

**समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.**

महेश्वरीस्थान, भ.न.पा.-८, भक्तपुर
फोन नं. ०१-६६१९३३२, ६६१९८४०

**कर्मचारी आवश्यकतासम्बन्धी सूचना**

यस संस्थाको लागि निम्न पदमा कर्मचारीहरू आवश्यक भएकाले योग्यता पुगेका १८ वर्ष पूरा भई ४० वर्ष उमेर ननाघेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | आवश्यक पद | सङ्ख्या | वान्छनीय योग्यता |
|---|---|---|---|
| १. | बजार प्रतिनिधि (सङ्कलक) | २ | कम्तीमा SLC वा SEE तह उत्तीर्ण कम्प्युटरसम्बन्धी ज्ञान भएको र सवारी चालक अनुमति भएकोलाई ग्राह्यता |

**सेवा सुविधा** : संस्थाको नियमानुसार हुनेछ
**छनोट प्रक्रिया** : अन्तर्वार्ता
**आवेदन शुल्क** : रु. १००।- तिरी संस्थाबाट फाराम लिन सकिनेछ

***समदर्शी साकोस***

**हार्दिक समवेदना**




जन्मः २०१८/११/२३
निधनः २०८२/०९/१४

यस संस्थाका शिक्षा उपसमिति सदस्य रमेश लवजूका पूजनीय पिता एवं यस संस्थाका सदस्य **रामचन्द्र लवजू**को असामयिक निधन भएको आज चौथो दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.**
महेश्वरीस्थान-८, भक्तपुर

**हार्दिक समवेदना**



जन्मः २००७/०८/०४
निधनः २०८२/०९/०१

यस संस्थाका सदस्य **मुतिबहादुर लवजू**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.**
महेश्वरीस्थान-८, भक्तपुर

**हार्दिक समवेदना**



जन्मः २०१८/११/२३
निधनः २०८२/०९/१४

यस विद्यालयका शिक्षक रामसुन्दर लवँजूका पूजनीय पिता तथा पूर्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामकृष्ण लवजूका जेठो दाजु **रामचन्द्र लवजू**को ६४ वर्षको उमेरमा असामयिक निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**श्री दत्तात्रय आधारभूत विद्यालय परिवार**
तचपाल-९, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा